# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ४५ | काठमाडौं | बिहीबार, २४ जेठ २०८१ | Prabhab National Daily | Thursday, June 6, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


संसदीय छानबिन विशेष समिति

# तोकिएकै समयमा काम सक्ने प्रतिबद्धता



- दुई दिनभित्र कार्यविधि बनाउने निर्णय
- कार्यविधिको आधारमा सहकारीको बचत अपचलनबारे छानबिन गरिने
- गृहमन्त्री रवि लामिछानेमाथि पनि समितिले छानबिन गर्ने

■ **जेबी योञ्जन**

**काठमाडौं–** सहकारीको बचत अपचलनबारे छानबिन गर्न गठित संसदीय समितिले कार्यविधि बनाएर काम थाल्ने भएको छ । दुई दिनभित्रमा कार्यविधि बनाउने बुधबार समितिले निर्णय गरेको छ । समितिको पहिलो बैठक नयाँ बानेश्वरस्थित संसद् भवनमा बसेको थियो ।

बैठकपछि सभापति सूर्य थापाले तोकिएकै समयमा काम सक्ने प्रतिबद्धता व्यक्त गरे । 'दुई दिनभित्र कार्यविधि मस्यौदा तयार हुने छ । त्यसलाई छलफल गरेर अर्को बैठकले टुंगोमा पुऱ्याउने बैठकले निर्णय गरेको छ ।'

कार्यविधिलाई अर्को समिति बैठकमा पेस गरेर पारित गर्ने र सोहीअनुसार सहकारीको बचत अपचलनको छानबिन गरिने समितिको तयारी छ । कार्यविधिको मस्यौदा बनाउने जिम्मेवारी समिति सचिवालयले पाएको छ ।

समिति बैठकमा सभामुख देवराज घिमिरेसमेत सहभागी समितिको पहिलो बैठकमा घिमिरेले प्रतिनिधिसभाबाट पारित समितिको (क्रमशः पृष्ठ २ मा)

## 'विनागल्ती सहकारी ठगको ट्याग बोक्नुपऱ्यो'



उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले सहकारी ठगको ट्याग बोकेर हिँड्नुपरेको गुनासो गरेका छन् । सञ्चारकर्मीका रूपमा यसअघि धेरै सहकारी पीडितको बचत फिर्ता गराउन र सहकारी समस्याको समाधान गर्न पहल गरेको पनि लामिछानेले स्मरण गरे ।

'सहकारीपीडितहरूका लागि कयौं रिपोर्ट बनाइयो, कतिका लागि लडियो । कतिलाई जेल पठाइयो, कतिको पैसा फिर्ता गराइयो । अहिले सहकारी ठगको ट्याग बोकेर हिँड्नुपरेको छ,' लामिछानेले बुधबार काठमाडौंमा आयोजित एक कार्यक्रममा भने । उनीमाथि सहकारी ठगी प्रकरणमा छानबिन गर्न संसदीय छानबिन समिति गठन भइसकेको छ । हाल उनीविरुद्ध राहदानी दुरूपयोगसम्बन्धी मुद्दा अदालतमा विचाराधीन छ । यसअघि उनी नागरिकता विवादमा फसेका थिए । यसरी एकपछि अर्को कानुनी झमेलामा गृहमन्त्री लामिछाने फस्दै आएका छन् ।

सदनले दिएको जुन म्याण्डेट छ, कार्यादेशको मातहतभित्र बसेर कार्यावधिभित्रै हाम्रो काम पूरा गर्छौं । हामी अल्पमत बहुमतमा नभई सर्वसम्मत निर्णय प्रक्रियामा जान्छौं ।

■ **लेखनाथ दाहाल**
**सदस्य, संसदीय छानबिन समिति**

# तेस्रोपटक प्रधानमन्त्री बन्दै मोदी
# सरकार चलाउन भने मुस्किल

■ **प्रभाव डेस्क**

**काठमाडौं–** छिमेकी मुलुक भारतमा नरेन्द्र मोदीले तेस्रो कार्यकालका लागि यही जुन ८ अर्थात् आगामी शनिबार प्रधानमन्त्री पदको शपथ लिने तयारी गरेका छन् । नयाँदिल्लीस्थित मोदीनिवासमा बुधबार भारतीय जनता पार्टी (भाजपा) नेतृत्वको राष्ट्रिय लोकतान्त्रिक गठबन्धन (एनडिए) को बैठकले मोदीलाई नेता चुन्दै नयाँ सरकार गठन गर्ने विषयमा भएको छलफलमा यस्तो सहमति बनेको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन् ।

बैठकमा जनता दल (युनाइटेड) प्रमुख नीतिश कुमार र तेलुगु देशम पार्टी (टिडिपी) प्रमुख एन चन्द्रबाबु नायडूको सहभागितालाई महत्त्वपूर्ण कदम मानिएको छ । भाजपालाई सरकार बनाउनका लागि उनीहरूको दलको समर्थन आवश्यक छ । एनडिए गठबन्धनले २९३ सिट जित्दा भाजपाले २४० सिटमात्र जितेको छ । ५४३ सिट रहेको भारतीय लोकसभामा बहुमतका लागि २७२ सिट आवश्यक हुन्छ । यसपटक १३ जना केन्द्रीय मन्त्री नै हार्दा भाजपालाई क्षति पुगेको हो । अघिल्लोपटक ३०३ सिटमा कब्जा जमाएर एकल बहुमत पाएको भाजपाले यसपटक ६३ सिट गुमायो ।

**यी हुन् पराजित भएका मन्त्री**

लोकसभा निर्वाचनमा एक दर्जनभन्दा बढी केन्द्रीय मन्त्री पराजित भएका छन् । भाजपाका मन्त्रीहरू एनडिए गठबन्धनबाट निर्वाचनमा सहभागी थिए । मोदी मन्त्रीमण्डलका ५० सदस्यमध्ये १३ जना पराजित भएका छन् । प्रभावशाली मन्त्रालय हाँकिरहेका केही नेता हारेका छन् । महिलामन्त्री स्मृति इरानी कांग्रेसका किशोरी लालसँग पराजित भएकी छन् । इरानी एक लाख ६७ हजार १९६ मतान्तरले पराजित भएकी हुन् । अघिल्लोपटक उनले कांग्रेसका राहुल गान्धीलाई हराएकी थिइन् । उनले अमेठीबाट उम्मेदवारी दिएकी थिइन् ।

तिरुवनन्तपुरमबाट उम्मेदवार बनेका केन्द्रीय मन्त्री चन्द्र शेखर कांग्रेसका शशि थरुरसँग हारेका छन् । अर्का केन्द्रीय मन्त्री अजय मिश्रा लखीमपुर खिरीबाट पराजित भएका छन् । यो पटकको केन्द्रीय मन्त्रीमण्डलमा भएका कौशल किशोर मोहनलालगञ्जबाट उम्मेदवार थिए । उनी समाजवादी पार्टीका आरके चौधरीसँग पराजित भएका छन् । चण्डौलीबाट उम्मेदवार रहेका महेन्द्रनाथ पाण्डे समाजवादी पार्टीका वीरेन्द्र सिंहसँग पराजित भएका छन् । वनकुराबाट उम्मेदवार रहेका सुवास सरकार तृणमुल कांग्रेसका अरूप चक्रवर्तीसँग पराजित भएका छन् । अर्जुन मुन्डा कांग्रेसका कालीचरण मुन्डासँग पराजित भएका छन् । मन्त्री भागवंथ खुबा सागर खन्ड्रेसँग पराजित भएका छन् ।



- एकल बहुमतको बलमा हिन्दुत्व 'प्रोजेक्ट' लिएर हिँडेका मोदीका लागि अब भने सरकार सञ्चालनका समयमा पटक-पटक सोच्नुपर्ने देखिन्छ
- अघिल्लो निर्वाचनमा ३०३ सिटका साथ एकल बहुमत हासिल गरेको भाजपाले यसपटक ६३ सिट गुमाउँदा उनको राजनीतिक साख गुमेको त छ नै उनले लिने निर्णयहरूमासमेत बाधा पर्नेछ

## कुन गठबन्धनको कति सिट ?

यसपटक नरेन्द्र मोदीको दल भारतीय जनता पार्टी (भाजपा) नेतृत्वको एनडिए गठबन्धनले २९२ सिट जितेको छ । जसमा भाजपाले २४० सिट प्राप्त गरेको छ । एनडिएमा आन्ध्र प्रदेशका चन्द्रबाबु नाइडु नेतृत्वमा रहेको तेलगु डेसम पार्टी (टिडिपी) को १६ सिट र विहारका नीतिश कुमारको नेतृत्वमा रहेको जनता दल युनाइटेड (जेडियू) को १२ सिट छ ।

त्यस्तै, शिवसेनाको सात, लोक जनशक्ति पार्टी (रामविलास) को पाँच तथा जनता दल (सेकुलर), जनसेना पार्टी र राष्ट्रिय लोक दलका दुई-दुई गरी छ सिट तथा असम जनपरिषद्, युनाइटेड पिपुल्स पार्टी लिबरल, राष्ट्रवादी कांग्रेस पार्टी, अपना दल (सोनियालाल), अखिल झारखण्ड विद्यार्थी युनियन, हिन्दुस्तानी आवाम मोर्चाको एक-एक गरी छ सिट प्राप्त गरेको छ । (क्रमशः पृष्ठ २ मा)

यसैगरी नीलगिरिबाट उम्मेदवार रहेका एल मुरुगन ए राजासँग पराजित भएका छन् । नीतिश प्रमाणिक तृणमुल कांग्रेसका जगदीशचन्द्र बसुनियसँग पराजित भएका छन् । मुजफ्फरनगरबाट उम्मेदवार रहेका सञ्जीव बल्याण समाजवादी पार्टीका हरेन्द्र सिंह मल्लिकसँग पराजित भएका छन् । साध्वी निरञ्जन ज्योति फतेहपुरबाट पराजित भएकी छन् । राओ साहेब दान्भे महाराष्ट्रमा कांग्रेसका कल्याण वैजनाथसँग पराजित भएका छन् ।

**सेलिब्रेटी जसले जिते**

भाजपाट उम्मेदवार बनेकी कंगना रनौतले कांग्रेस उम्मेदवार विक्रमादित्य सिंहलाई हराउँदै हिमाञ्चल प्रदेशको मण्डी क्षेत्रबाट चुनाव जितिन् । कंगनाले ७४ हजार ७५५ मतान्तरले सिंहलाई हराएकी हुन् । कंगनाले पाँच लाख ३७ हजार २२ मत ल्याउँदा सिंहले चार लाख ६२ हजार २६७ मत पाए । (क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# 'रोजगारीका लागि विदेश जानुपर्ने बाध्यता अन्त्य गर्छौं'

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले रोजगारीका लागि विदेश जानुपर्ने बाध्यकारी अवस्थाको अन्त्य गर्न आवश्यक रहेको बताएका छन् । बुधबार लुम्बिनी प्रदेशको बुटवलमा आयोजित दुईदिने श्रमाधान रोजगार मेलाको उद्घाटन गर्दै मन्त्री अर्यालले बर्सेनि श्रमबजारमा आएका युवालाई सरकारले रोजगारीका लागि विदेश जानुपर्ने अवस्थाको अन्त्य गरी स्वदेशमा नै रोजगारीको अवसर सिर्जना गराउन लागिपरेको बताएका हुन् ।

मन्त्री अर्यालले रोजगारदाता र श्रमिकबीचको खाडल पुर्न श्रमाधान रोजगार मेला आयोजना गरिएको बताए । रोजगारदाता र श्रमिकलाई एकै स्थानमा भेट गराउन श्रम मन्त्रालयले सातै प्रदेशमा श्रमाधान रोजागर मेलाको आयोजना गरेको उनले जानकारी दिए । 'रोजगारदाताले दक्ष श्रमिक नपाएर विदेशबाट ल्याउनुपर्ने र श्रमबजारमा आएका युवाले रोजगारी नपाएर विदेश जानुपर्ने अवस्थाको अन्त्य गर्न आवश्यक छ,' मन्त्री अर्यालले भने, 'बेरोजगारी समस्या समाधानका लागि मेलाले महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास छ ।'

मेलाबाट तत्कालै संख्या तोकेर रोजगारी दिने अवस्था नदेखिए पनि दीर्घकालसम्म नेपालका उद्योग प्रतिष्ठानमा आवश्यक पर्ने जनशक्तिको यथार्थ विवरण र रोजगारीका लागि चाहिने सीप विकासकाबारे महत्त्वपूर्ण जानकारी लिन सकिने मन्त्री अर्यालको भनाइ छ । मेलाबाट रोजगारदाता र श्रमिकबीच सम्बन्ध विस्तार हुने भएकाले यसलाई भरपूर प्रयोग गर्न पनि उनले आग्रह गरे ।




लुम्बिनी प्रदेश सरकारका आन्तरिक मन्त्रालयका सचिव लालबाबु कवारीले रोजगार मेलालाई रोजगारदाता र श्रमिकले एउटा अवसरको रूपमा लिन सक्ने बताए । उनका अनुसार यस मेलाले स्वदेशमा रोजगारी नपाएर विदेश पलायन हुनुपर्ने बाध्यात्मक अवस्थाको अन्त्य गर्न सहयोग पुऱ्याउने छ । कवारीले मेलाबाट तत्काल परिणाम नदेखिए पनि दीर्घकालमा उपलब्धिपूर्ण परिणाम दिने विश्वास व्यक्त गरे ।

बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले कस्तो विषय पढेमा वा सीप सिकेमा स्वदेशमा पढेर रोजगारी पाइन्छ भन्नेमा यो मेला बढी उपयोगी हुने भनाइ राखे । त्यस्तै लुम्बिनी प्रदेश उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण शर्माले रोजगारदाता कम्पनीले स्वदेशमा दक्ष श्रमिक नपाउने ठूलो समस्या रहेको र सिक्दै गरेकालाई दक्ष बनाएपछि विदेश पलायन हुने अवस्थाले आफूहरू समस्यामा परेको बताए । 'रोजगारदाताले आफूले चाहेजस्तो दक्ष जनशक्ति नपाएको र श्रमिकले पनि आफूले चाहेजस्तो रोजगारी नपाउने अवस्थाको अन्त्य गर्न रोजगार मेलाले शुभसंकेत दिएको छ, रोजगार दिने र रोजगारी चाहने दुवैको मिलन बिन्दु बनेको मेलाले स्वदेशमै केही गर्ने वातावरण सिर्जना गर्न सहयोग पुग्ने छ,' उनले भने ।

श्रम मन्त्रालय, उद्योग, पर्यटन तथा सहकारी मन्त्रालय, बुटवल उपमहानगरपालिका र नेपाल उद्योग परिसंघ (सिएनआई) को संयुक्त आयोजनामा लुम्बिनी प्रदेशमा दुई दिनको रोजगार मेला सञ्चालन गरिएको छ । बुटवल अन्तरािष्ट्रिय सम्मेलन केन्द्र (बिआइसिसी)मा जारी मेला आजसम्म चल्ने छ । मेलाले रोजगार खोज्ने, रोजगारदाता र विभिन्न क्षेत्रका सरोकारवालाहरूलाई एकै ठाउँमा ल्याएर कार्यक्रमले नेटवर्किङ र रोजगारीका लागि अनुकूल वातावरण सिर्जना गर्ने बताइएको छ ।

मेलाले बेरोजगार युवाहरूको ज्ञान, सीप, क्षमताका आधारमा माग संकलन गर्न सहयोग पुग्ने विश्वास लिइएको छ । मेलामा सरकारी निकाय तथा निजी क्षेत्रका ४१ वटा बुथ (स्टल) राखिएका छन् । यही जेठ १७ गते कोशी प्रदेशबाट सुरू भएको श्रमाधान रोजगार मेला वागमती प्रदेशको ललितपुरमा कार्यक्रम गरेपछि ३० जेठमा सम्पन्न हुने छ । यसबीचमा कोशी प्रदेशमा १७ र १८ गते, मधेस प्रदेशमा १९ र २० गते, गण्डकी प्रदेशमा २१ र २२ गते मेला सम्पन्न आयोजना गरिएको थियो ।

कर्णाली प्रदेशको सुर्खेतमा जेठ २५ र २६ गते, सुदूरपश्चिम प्रदेशको धनगढीमा जेठ २७ र २८ गते मेला सञ्चालन हुने छ । यता बागगती प्रदेशको ललितपुरमा जेठ २९ र ३० गते सञ्चालन गरेसँगै मेला सकिने श्रम मन्त्रालयले जनाएको छ ।


## नेपाल वैदेशिक रोजगार व्यवसायी संघको साधारणसभा सम्बन्धी सूचना

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको मिति २०८१ जेष्ठ २३ गते बसेको संघ कार्यसमितिको निर्णयानुसार संघको विधानको दफा १४ को व्यवस्था बमोजिम संघको ३०औं वार्षिक साधारणसभा तपशिलमा उल्लेखित मिति, समय र स्थानमा बस्ने सम्पूर्ण व्यवसायीज्यूहरूलाई यसै सूचनाद्धारा जानकारी गराउँदछौं ।

मिति : २०८१ असार १७ गते
समय : बिहानको ठीक ११:०० बजे
स्थान : अनुपम फुडल्याण्ड, बत्तीसपुतली

**साधारणसभामा निर्णयार्थ पेश गरिने विषयहरू**

१. कार्यसमितिको तर्फबाट प्रस्तुत गर्ने प्रगति विवरण र संघद्धारा भएका कार्यहरु उल्लेख गरिएको प्रतिवेदन पारित गर्ने ।
२. नेपाल वैदेशिक रोजगार व्यवसायी संघको विधान २०४९ संशोधन गर्ने ।
३. आ.व. २०७९/०८० को आयव्ययको विवरणसहितको वासलात उपर छलफल गरी पारित गर्ने ।
४. आ.व. २०८०/०८१ को आयव्ययको लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ति गरी निजलाई दिने पारिश्रमिक तोक्ने ।
५. वार्षिक कार्यक्रमका लागि नीति निर्देशन गर्ने ।
६. विविध ।

**साधारणसभासम्बन्धी थप जानकारीहरू**

साधारणसभामा भाग लिनका लागि एक कम्पनीले १ जना प्रतिनिधि मनोनयन गरी पठाउनुपर्ने भएकाले संघमा बाँकी रहेको मासिक शुल्क (लेबी) भुक्तान गरी संघमा कम्पनीको लेटरहेडमा लिखित निवेदनसहित प्रतिनिधि पठाई जानकारी गराउनुहुन हार्दिक अनुरोध छ ।

**मेघनाथ भुर्तेल**
**महासचिव**

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
तिलगंगा - ८, काठमाडौं, फोन नं. ०१- ४५८०८६८/४५८४४१८ । ९८०१०८७८८

# पाँच वर्षमा झिकियो १०८ मेट्रिकटन फोहोर र १२ शव



**काठमाडौं–** नेपाली सेनाको अगुवाइमा सञ्चालित 'सफा हिमाल अभियान'बाट पाँच वर्षको अवधिमा सर्वोच्च शिखर सगरमाथासहित प्रमुख हिमालबाट १२ शव र १०८ मेट्रिकटन फोहोर संकलन गरिएको छ । नेपालमा रहेका हिमालको स्वच्छता कायम राख्ने उद्देश्यले सन् २०१९ देखि सुरु भएको अभियानका क्रममा हालसम्म चारवटा अस्थिरपञ्जर संकलन गरिएको सेनाले जनाएको छ । सन् २०२४ मा सञ्चालित अभियानअन्तर्गत विभिन्न हिमालबाट ११ मेट्रिकटन फोहोर, चारवटा शव तथा एउटा अस्थिरपञ्जर संकलन तथा व्यवस्थापन गरिएको छ। सगरमाथा, ल्होत्से र नुप्से हिमालका विभिन्न स्थानबाट दुई हजार २२६ किलो कुहिने र आठ हजार ७७४ किलो नकुहिने गरी कूल ११ हजार किलोग्राम फोहोर संकलन गरिएको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालयका निर्देशक सहायक रथी सञ्जय देउजाले जानकारी दिए ।

## सफा हिमाल अभियान

कुहिने फोहोरलाई स्थानीय तहसँगको सहकार्यमा नाम्चे इलाकामा सगरमाथा प्रदूषण नियन्त्रण समितिलाई हस्तान्तरण गरी व्यवस्थापन गरिएको छ। नकुहिने फोहोरलाई काठमाडौं ल्याई पुनःप्रयोग गर्ने कम्पनीलाई हस्तान्तरण गरिएको छ। यस वर्षको सफाइ अभियानमा सगरमाथा, ल्होत्से र नुप्से हिमालका आधार शिविर र सोभन्दा माथिका स्थानबाट १० मेट्रिकटन फोहोर र पाँचवटा शव संकलन गर्ने लक्ष्य लिइएको थियो ।

सफाइ टोलीले सगरमाथा हिमालको क्याम्प-३ देखि क्याम्प-४ (बालकुने इलाका) बाट तीन शव, ल्होत्से हिमालको चुचुरो नजिकबाट एक शव र खुम्बु आइसफल इलाकाबाट एउटा मानव अस्थिरपञ्जर संकलन गरेको छ । संकलित मानव शव तथा अस्थिपञ्जर आवश्यक कानुनी प्रक्रियापश्चात् व्यवस्थापनका लागि त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा बुझाइएको सेनाले जनाएको छ ।

हिमालमा बेवारिसे अवस्थामा रहेका शव संकलन निकै चुनौतीपूर्ण मानिन्छ । गत चैत १९ गते सफाइ टोलीले काम थालेको थियो । ५५ दिनको प्रयासपछि उक्त फोहोर, शव र अस्थिरपञ्जर संकलन गरिएको हो । यस अभियानमा सेनानी आदित्य कार्कीको नेतृत्वमा १० सैन्य जनशक्ति र १८ जना शेर्पा सहयोगीका साथै अन्य आरोही दलका सदस्य प्रत्यक्ष संलग्न रहेका थिए । सफाइ टोलीले सगरमाथाको सफल आरोहणसमेत गरेको थियो ।

आधार शिविरमा रहेका समन्वय अधिकृत, स्थानीय तहका जनप्रतिनिधि, सगरमाथा प्रदूषण नियन्त्रण समिति तथा लुक्लामा रहेको इलाका प्रहरी कार्यालयबाट फोहोर तथा शव संकलन तथा व्यवस्थापनमा महत्त्वपूर्ण सहयोग प्राप्त भएको सहायक रथी देउजाले जानकारी दिए। अभियानलाई सफल बनाउन पर्यटन विभाग, खुम्बु पासाङल्हामु गाउँपालिका, सगरमाथा प्रदूषण नियन्त्रण समिति, हिमालयन उद्धार संघ, नेपाल पर्वतारोहण संघ र फोहोर व्यवस्थापनमा सहयोग गर्ने संघसंस्थाको योगदान महत्त्वपूर्ण रहेको सेनाले जनाएको छ ।

सन् २०१९ मा सञ्चालित अभियानबाट सफाइ टोलीले सगरमाथा र ल्होत्से हिमालबाट १०.६ मेट्रिकटन फोहोर र चारवटा शव संकलन गरेको थियो । विश्वव्यापी कोरोना महामारीका कारण सन् २०२० मा अभियान सञ्चालन गरिएको थिएन । सन् २०२१ मा विभिन्न छ हिमालबाट २७.६ मेट्रिकटन फोहोर, चारवटा शव र एकवटा अस्थिरपञ्जर तथा सन् २०२२ मा चार हिमालबाट ३३.८ मेट्रिकटन फोहोर संकलन गरिएको थियो । सन् २०२३ मा सफाइ टोलीले सगरमाथा, ल्होत्से, बरुञ्चे र अन्नपूर्ण हिमालबाट ३५.७ मेट्रिकटन फोहोर संकलन गरेको थियो । हिमालमा रहेका फोहोर हटाउनका लागि सेनाले सन् २०१९ देखि सफा हिमाल अभियान सञ्चालन गर्दै आइरहेको छ ।

विश्व वातावरण दिवसका अवसर पारेर सेनाले बुधबार जंगी अड्डामा विशेष कार्यक्रम गरी यस वर्ष सञ्चालन गरिएको सफा हिमाल अभियानको समापन गरेको छ । अभियानको समापन गर्दै प्रधानसेनापति प्रभुराम शर्माले सफाइ अभियान सञ्चालन गर्नु जटिल, चुनौतीपूर्ण र साहसिक कार्य भएको बताए । सरकारले सफा हिमाल अभियानको मुख्य भूमिका सेनालाई प्रदान गरेको भए पनि सबैको संयुक्त प्रयासबाट अभियान सम्भव भएको उनले बताए । 'सेनाको एक्लो प्रयासबाट मात्रै यस्ता अभियान सफलतापूर्वक सञ्चालन गर्न सकिँदैन, यो सबैको सामूहिक प्रयासबाट मात्रै सम्भव छ,' उनले भने, 'अभियानमा सरकार, स्थानीय जनता र यसप्रति सचेतना ल्याउन क्रियाशील विभिन्न निकायका महत्त्वपूर्ण भूमिका रहेको छ ।'

प्रधानसेनापति शर्माले प्रतिकूल मौसम तथा विषम् परिस्थितिका बाबजुद उक्त अभियानका क्रममा संकलन गरिएका फोहोर, बेवारिसे शव र अस्थिरपञ्जर आफैंमा महत्त्वपूर्ण उपलब्धि रहेको बताए। सरकारले दिएको जिम्मेवारी तथा सेनाले लिएको लक्ष्य पूरा गर्न सफाइ टोलीले देखाएको तत्परताको उनले सरहाना गरे । *रासस*

---

## जापानमा वैदेशिक रोजगारको अवसर

**कम्पनी** : THE MIE KUMANO-KODO SOCIETY OF COMMERCE AND INDUSTRY

पूर्व स्वीकृति मिति: २०८१/०२/२० | पून: विज्ञपन स्वीकृति मिति: २०८१/०२/२३ | LT. No. 305618 | चलानी नं. ६०२२०४३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLOTHINGS READY | 0 | 3 | 169672 | १४४,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ३१ गते (13th June 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: ५०,०००/-

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव**:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू**:
■ (क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्की आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।

१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः जम्मा रू. ३५,०००/- (पैतिस हजार) मात्र ।
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोट**: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

**नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**:
■ १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**Google Overseas Pvt.Ltd**
श्रम ईजाजत नं. ६३१/०६३/०६४
KTM-4, Dhumbarahi, Nepal
Phone No.+977-01-4565296,
E-mail : info@googleoverseas.com Website : www.googleoverseas.com

---

## कर्जा सुरक्षण बापतको धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरूरी सूचना

GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL

प्रकाशित मिति: २०८१/०२/२४

यस गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)को प्रधान कार्यालयबाट तपाई ऋणीले तपसिलमा उल्लेखित अचल सम्पत्ति धितो सुरक्षण दिई कर्जा लिनु भएकोमा उक्त कर्जाको लिखत बमोजिम यस वित्तीय संस्थामा बुझाउनु पर्ने मासिक साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै-दस्तुर समेत नबुझाई ऋण कर्जा सम्बन्धी शर्त एवं बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा तपाईलाई पटक पटक लिखित मौखिक तथा घर ठेगानामा समेत आई तरताकेता गर्दा समेत सो ऋण कर्जाको किस्ता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोमा सो सम्बन्धमा कर्जाको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै-दस्तुरहरु समेत चुक्ता भुक्तान गर्न आउने सम्बन्धि ३५(पैंतिस) दिने सूचना प्रकाशित गर्दा समेत ऋण कर्जाको सम्पूण साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै-दस्तुरहरु समेत चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरि बस्नु भएकोले कर्जा लिंदा धितो सुरक्षण स्वरुप लेखिदिएको तपसिल बमोजिमको धितो जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा लिलाम बिक्री गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको १५(पन्ध्र) दिन भित्र यस वित्तीय संस्थामा उपस्थित भई ऋणीले यस वित्तीय संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पूण साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै-दस्तुरहरु नबुझाएमा प्रचलित अन्य ऐन कानून एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(१) को अधिकार प्रयोग गरी ऋण कर्जा लिंदा धितो सुरक्षण स्वरुप लेखिदिएको तपसिल बमोजिमको अचल सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र द्वारा लिलाम बिक्री गरिने हुँदा उल्लेखित अचल सम्पत्ति लिलाममा खरिद गर्न ईच्छुक महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस वित्तीय संस्थाको का.जि. का.म.न.पा. वडा नं. १ हात्तीसार स्थित प्रधान कार्यालयमा कार्यालय समय भित्र शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ । साथै तपसिल बमोजिमको धितोबाट यस संस्थाको लेना रकम असुल उपर नभएमा ऋणी तथा व्यक्तिगत जमानी दिनेको घर घराना, चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिने तथा नेपाल राष्ट्र बैंकको निर्देशानुसार कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समेत समावेश गरिने व्यहोरा ऋणी तथा सम्बन्धित व्यक्तिहरुलाई समेतलाई यसै सूचना मार्फत जानकारी गराईन्छ ।

### तपसिल

| क्र.सं | ऋणीको विवरण | सुरक्षण वापत धितोको विवरण | व्यक्तिगत जमानीकर्ता |
|---|---|---|---|
| १. | नामः अप्सरा चौलागाई<br>ठेगानाः सिन्धुपाल्चोक जिल्ला फटकशीला गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना हाल काठमाडौं जिल्ला तारकेश्वर न.पा. वडा नं. ८<br>बाबुः राजेन्द्र प्रसाद चौलागाई<br>बाजेः चन्द्र प्रसाद चौलागाई<br>पतिः रामचन्द्र श्रेष्ठ<br>ना.प्र.नं. २४३०५६/२४<br>जारी मितिः २०६२/११/४<br>जि.प्र.का. सिन्धुपाल्चोक<br>कर्जाः रियल स्टेट | चन्द्र प्रसाद चौलागाईको नातिनी राजेन्द्र प्रसाद चौलागाईको छोरी रामचन्द्र श्रेष्ठको एकाघरकी श्रीमती सिन्धुपाल्चोक जिल्ला फटकशीला गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना हाल काठमाडौं जिल्ला तारकेश्वर न.पा. वडा नं. ८ बस्ने अप्सरा चौलागाईको नाममा मालपोत कार्यालय मनमैजुमा एकलौटी दर्ता श्रेस्ता कायम रहेको काठमाडौं जिल्ला काभ्रेस्थली गा.वि.स. वडा. नं. ७ सिट नं. ७ क किता नं. ८३३ को क्षेत्रफल ०-९-१-३ को जग्गा र सो जग्गाले चर्चेको तथा भविष्यमा चर्चेने लिगलगापात समेत । | १. नामः रामचन्द्र श्रेष्ठ<br>ठेगानाः नुवाकोट जिल्ला रालुकादेवी गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना हाल काठमाडौं जिल्ला तारकेश्वर न.पा. वडा नं. ८<br>बाबुः प्रितीलाल श्रेष्ठ<br>बाजेः सुर्जमान श्रेष्ठ<br>ना.प्र.नं.: ८९९६३/५७२<br>जारी मितिः २०६०/१०/०५<br>जि.प्र.का. नुवाकोट<br><br>२. नामः रश्मी चौलागाई<br>ठेगानाः सिन्धुपाल्चोक जिल्ला मेलम्ची न.पा. वडा नं. १० स्थायी ठेगाना हाल काठमाडौं जिल्ला तारकेश्वर न.पा. वडा नं. ८<br>बाबुः राजेन्द्र प्रसाद चौलागाई<br>बाजेः चन्द्र प्रसाद चौलागाई<br>ना.प्र.नं.: २४-०१-७३-०८५२६<br>जारी मितिः २०७३/१०/२१<br>जि.प्र.का. सिन्धुपाल्चोक |

### लिलामी बिक्री सम्बन्धी शर्तहरु

- शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र प्राप्त भई सक्नु पर्नेछ । सो समय पछि प्राप्त भएका रीत नपुगी वा अमान्य शर्तहरु राखि पेश गरिएको बोलपत्रहरु मान्य हुने छैन । उल्लेखित समय भित्र प्राप्त भएका बोलपत्रहरु सूचना प्रकाशित भएको मितिले १६ औं दिनमा (सो दिनमा बिदा परेमा त्यसको लगतै सरकारी कार्यालय खुल्ने दिनमा) यस वित्तीय संस्थाको प्रधान कार्यालय, हात्तीसारमा खोलिने छ ।
- उल्लेखित समय भित्र परेका बोलपत्रहरु कुनै कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस वित्तीय संस्थामा निहीत रहनेछ ।
- शिलबन्दी बोलपत्रमा प्रष्टरुपमा ईच्छुक खरिदकर्ताको नाम, ठेगाना, नागरिकताको फोटोकपी प्राकृतिक व्यक्तिको हकमा तिन पुस्ते विवरण एंव आफ्नो पहिचान खुल्ने कागजात संलग्न गरी आफुले सो अचल सम्पत्ति के कति मुल्यमा खरिद गर्ने हो सो मुल्य अंक र अक्षरमा स्पष्ट खुलाउनु पर्नेछ । बोलपत्र दाखिला गर्दा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुने रकम धरौटी स्वरुप यस कार्यालयमा रहेको खाता नं. १८०८००००००००००१००४ Margin Deposit Auction मा नगद वा यस वित्तीय संस्थाको नाममा खिचिएको Good For Payment चेक जम्मा गर्नु पर्नेछ । उक्त रकम बोलपत्र स्वीकृत नभएमा फिर्ता गरिनेछ । धरौटी रकम फिर्ता गरिँदा धरौटी रकमको ब्याज दिईने छैन ।
- प्राप्त बोलपत्रमा अधिकतम अंक कबोल गर्ने ब्यक्तिको कबोल अंक यस वित्तीय संस्थालाई स्विकार्य भएमा सो अचल सम्पत्ति बिक्री गरिनेछ ।
- लिलाम बिक्री हुने अघिल्लो दिन सम्ममा ऋणीको तर्फबाट यस संस्थालाई भुक्तानी गर्नु पर्ने सम्पूण रकम बुझाएमा वित्तीय संस्थाले सो लिलाम बिक्री रद्द गर्न सक्नेछ ।
- स्वीकृत बोलपत्रवालाले वित्तीय संस्थाले तोकेको मितिमा धरौटी बाहेकको बाँकी रकम नगद जम्मा गरि सो अचल सम्पत्ति आफ्नो नाममा नामसारी गर्नु पर्नेछ । सो कार्य गर्दा हाल सम्मको बक्यौता तथा कानून बमोजिम लाग्ने नामसारी दस्तुर लगायत अन्य कर शुल्क आदि बोलपत्रवालाले नै ब्यहोर्नु पर्नेछ । तोकिएको समय भित्र बाँकी रकम जम्मा नगरेमा धरौटी बापत जम्मा गरेको रकम जफत हुनेछ ।
- बोलपत्र बमोजिम बिक्री गरिने सम्पत्ति हेर्न निरिक्षण गर्न र सो बारे अन्य थप जानकारी चाहिएमा कार्यालय समय भित्र यस वित्तीय संस्थाको प्रधान कार्यालय, हात्तीसारमा सम्पर्क राख्न सक्नुहुनेछ ।
- बोलपत्र नपरेमा वा परेका बोलपत्र वित्तीय संस्थाले अस्वीकृत गरेमा वा लिलाम बिक्री गर्दा कसैले नसकारेमा उल्लेखित अचल सम्पत्तिको स्वामित्व आफ्नो अनुकुलमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(७) बमोजिम आफ्नो नाममा लिई सोझै बिक्री वितरण गर्न सक्ने ब्यहोरा समेत सूचित गरिन्छ ।
- आवश्यक कागजातहरु लगायत उपरोक्त सम्बन्धमा अन्य विस्तृत विवरणका लागि यस वित्तीय संस्थाको प्रधान कार्यालय, हात्तीसारमा सम्पर्क राख्न सक्नु हुनेछ ।

**गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)**
**GOODWILL FINANCE LIMITED**
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

केन्द्रिय कार्यालय
हात्तीसार, काठमाण्डौं, पो.ब.नं. ८८६७
फोनः ४५४४०३५, फ्याक्सः ४५४३४१४
इमेलः info@goodwill.net.np

शाखा कार्यालयहरु

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| डिल्लीबजार | इन्द्रचोक | भक्तपुर | कुमारीपाटी | त्रिपुरेश्वर | नयाँबजार | ईटहरी, सुनसरी | विर्तामोड | नेपालगंज |
| ४४२२२९० | ५३२९५५४ | ६६२००६७ | ५४०८६९० | ५३३१५३३ | ५९१०७३८ | ०२५-५८७०५१ | ०२३-५३०५४८ | ०८१-५३२०५६ |
| घोराही, दाङ्ग | ईलाम | फिदिम | बुटवल | बर्दिबास | धनगढी | नवलपुर | गैंडाकोट | भैरहवा |
| ०८२-५६३३५० | ०२७-५२०५४५ | ०२४-५२१०६८ | ०७१-५३७२८२ | ०४४-५५०१०२ | ०९१-४१७३५७ | ०४६-५७००६० | ०७८-५०१४११ | ०७१-५१०९६३ |

GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL

---

## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी** : PEAK STAR INTERNATIONAL SERVICES

पूर्व स्वीकृति मिति : २०८१/०२/२२ | LT. No.305762 | चलानी नं. ६०२२०५९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 2200 | ८०,६३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | General Clean Worker | 6 | 0 | 1000 | ३६,६५५ | | | | | | | |
| 3 | Supervisior | 0 | 1 | 2500 | ९१,६३० | | | | | | | |
| 4 | Waiter | 3 | 1 | 1400 | ५१,३१५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ३१ गते (13th June 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GREEN LIGHT OVERSEAS PVT. LTD**
श्रम ईजाजत नं. 1365/074/75
Basundhara-3, Kathmandu Tel : +977-1-5905757, 5905758, 9851358431
Email:info@green-lightgroup.com, Web:green-lightgroup.com

---

## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी** : STAR CLEANING AND HOSPITALITY.

पूर्व स्वीकृति मिति : २०८१/०२/२३ | LT. No. 305939 | चलानी नं : ६०२२०६३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman | 2 | 0 | 2500 | ९१,६३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | General Cleaning Worker | 0 | 5 | 1100 | ४०,३२० | | | | | | | |
| 3 | Salesman | 3 | 0 | 2500 | ९१,६३० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ३१ गते (13th June 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Lucky Human Resource Pvt.Ltd.**
श्रम ईजाजत नं. १३०२/०७४/०७५
G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np

---

## सुर्मा गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
दौलिचौर, बझाङ्ग
सुदुरपश्चिम प्रदेश, नेपाल

### प्राविधिक प्रस्ताव स्वीकृत तथा आर्थिक प्रस्ताव खोलिने आशयको सूचना

सूचना प्रकाशित मिति :- २०८१/०२/२४

यस गाउँपालिका अन्तर्गतको योजना (Contract ID: Construction of 5 Bedded Primary Hospital at Surma Rural Municipality) ठेक्का नं. SRM-NCB-HBCW-Works-06-2080-081 निर्माण कार्यको लागि मिति :- २०८०/१२/२६ मा मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन भई विद्युतीय खरिद प्रणालि मार्फत पेश हुन आएका वोलपत्रहरुको प्राविधिक मूल्याङ्कन हुँदा तपसिल बमोजिमका वोलपत्रदाताहरुको प्रस्तावहरु सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ङ (४) बमोजिम सारभुत रुपमा प्रभावग्राही वोलपत्र भएकाले मिति :- २०८०/०२/३० गतेका दिन दिउँसो २:०० बजेको समयमा यस गाउँपालिकाको कार्यालयमा उक्त वोलपत्रदाताहरुको आर्थिक प्रस्ताव खोलिने हुँदा सोही नियमको उपनियम ५ बमोजिम सम्बन्धित वोलपत्रदाताहरुका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । सम्बन्धित वोलपत्रदाताहरुका उपस्थित नभएको कारणले आर्थिक प्रस्ताव खोल्न बाधा नपुग्ने समेत जानकारी गराइन्छ ।

| वोलपत्र नं. | कामको विवरण | सारभुत रुपमा प्रभावग्राही वोलपत्रहरु |
|---|---|---|
| SRM/NCB/HBCW/Works-06-2080-081 | Construction of 5 Bedded Primary Hospital at Surma Rural Municipality | 1) Narayan/Anamol JV<br>2) Jagriti Nirman Sewa Pvt.Ltd.<br>3) RRC/PNS JV<br>4) SSNS-Janakalyan-PK JV |

**नि. प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# पत्रकार महासंघमा जुँगाको लडाइँ

**नेपाल पत्रकार महासंघ नेपाली पत्रकारहरूको साझा संगठन हो । यही संगठन अहिले नेतृत्व फेरेर नयाँ जोश सञ्चारको तयारीमा छ । तर जेठ २६ का लागि तोकेको महाधिवेशन राजनीतिक दल सम्बद्ध संस्थाहरूको कारण अन्योलमा परेको छ । मुलत महासंघको महाधिवेशन नेपाली कांग्रेस समर्थित नेपाल प्रेस युनियन, नेकपा एमाले समर्थित प्रेस चौतरी र माओवादी केन्द्र समर्थित प्रेस सेन्टरको जुँगाको लडाइँ हो । चुनावी संघारमा महासंघमा तीनै संगठनले किचलो गर्दा महाधिवेशन अन्योलमा परेको छ ।**

**तीनै संगठनको चित्त दुखाइको विषय हो, सदस्यता शुद्धीकरण र नयाँ सदस्यता । महासंघ विगतबाटै पत्रकारिता गर्नेभन्दा पनि व्यवसाय, राजनीति गर्नेहरूबाट संक्रमणमा परेको संस्था हो । यहाँ युनियनबाट आएका, चौतारीबाट आएका र सेन्टरबाट आएकाहरूको हालीमुहाली छ नै । बिहान आफू समर्थित नेताहरूको स्तुति गाउने र साँझ परेपछि होटलहोटल पसेर विपक्षीको कटु आलोचना गर्ने उनीहरूको दैनिकी बनेको छ ।**

**राजनीतिमा होमिन पत्रकारितालाई नै भऱ्याङ बनाउने, जनताले नरुचाएपछि फेरि पत्रकारितामै फर्केर आउनेहरू महासंघमा छन् । तिनले शुद्धीकरणका नाममा काम गर्ने पत्रकारको नाम काटेपछि अहिले महासंघमा वाकयुद्ध छ । पत्रकार महासंघ अरूलाई सिद्धान्तको पाठ घोकाउने संस्था हो । पत्रकारितामार्फत विधिको शासन सिकाउनेहरूको साझा संगठन हो यो । तर, आफैं भने सदस्यता विवादको विषय निकालेर एकले अर्कोलाई धारे हात लगाउँदै महाधिवेशन लम्ब्याउने बाहना खोजिरहेका छन् । एकले अर्कोलाई हिलो छ्याप्ने, सेटिङ गरेरै आफैंले महासंघलगायतमा ताला लगाउनेजस्ता कर्तुत महासंघकै नेतृत्वमा बसिरहेकाहरूले मञ्चन गरिरहेका छन् ।**

**महासंघका अध्यक्ष विपुल पोखरेलको नेतृत्वमाथि युनियनले प्रश्न उठाउँदै आएको छ । सर्वाधिक असफल भन्दै आलोचना खेपिरहँदा उनी युनियनकै निर्देशनमा नाचिरहेका छन् । यस्तो हत्कण्डले उनी अझै असफलताको बाटोतिर लागिरहेका छन् । क्षणाक्षणमा सदस्य हेरफेर गरेर सूची सार्वजनिक गर्ने, समयमा निर्वाचन गर्न नसक्नेजस्ता विषयको दाग पनि अब उनको निधारमा लाग्ने सम्भावना छ । पत्रकार जहिल्यै प्रतिपक्ष हो । तर नेपालमा सरकार जसरी चल्छ, महासंघको निर्वाचनमा पनि यसैगरी गठबन्धन हुन्छ ।**

**यसपटक चौतारी र सेन्टर मिलेर चुनावमा जाने भएपछि युनियन चुनाव रोक्ने प्रयासमा लागेको हो । युनियनबाट नेतृत्वमा पुगेका महासंघका अध्यक्ष पोखरेल कांग्रेसकै निर्देशनमा चुनाव रोक्ने प्रयासमा लागेको देखिन्छ । प्रतिपक्ष बनेर दारो खबरदारी गर्नुपर्ने पत्रकारहरू सत्ता र शक्तिमा टाँसिरहन यस्तो हर्कत प्रदर्शन हदैसम्म लाजमर्दो छ । यस्ता हर्कत छाडेर तुरुन्तै समयमै महाधिवेशन गर्ने वातावरण बनाऊ ।**

## मननयोग्य

### चाणक्य नीति

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे । प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए । वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।'

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् ।

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे । नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आचार्यलाई दिए । क्रमशः

# नेता पत्रकारहरूको पद लोलुपता र स्वार्थको रोइलो



■ शालिग्राम पाण्डे

नेपाल पत्रकार महासंघको केन्द्र, प्रदेश र जिल्ला शाखाको निर्वाचन २०८१ जेठ २६ गते एकसाथ गर्ने कार्यतालिका सार्वजनिक भएलगत्तै सो निर्वाचनमा प्रत्यक्ष सरोकार राख्ने विभिन्न समूहले महासंघको कार्यालयमा तालाबन्दी गरे । शुद्धीकरणको विषय टुंगो नलागी निर्वाचन गर्न नदिने अडानसहित नेपाल प्रेस युनियनको अगुवाइमा भएको तालाबन्दीले केन्द्रदेखि जिल्ला शाखासम्मका निर्वाचनलक्षित गतिविधि प्रभावित भयो । यद्यपि शुद्धीकरणका नाममा हटाइएका केही सदस्यका नाम समावेश गरी अन्तिम मतदाता नामावली प्रकाशित गर्ने सम्झौतापछि ताला खोलियो । तर, सो तालाबन्दीको लक्ष्य (नियत) श्रमजीवी पत्रकार तथा स्वरोजगारमूलक सञ्चारमाध्यमको हकहित होइन, केवल केही पदलोलुप र सत्ता-राजनीति निर्देशित पत्रकारको स्वार्थ साँध्न भएको कसैबाट लुकेको छैन ।

सबै विचार समूह र तह-तप्काका पत्रकार हरूको छाता संगठनका मानिने पत्रकार महासंघ नेतृत्वलाई ट्रेड युनियन आबद्ध दाबी गर्ने संगठनले समानुपातिक विज्ञापन नीति लागू गर्न दबाब दिने उद्देश्यले तालाबन्दी गरेको भए आम पत्रकारहरू अवश्य पनि तालाबन्दीको पक्षमा हुने थिए । तर गर्नुपर्ने विषय पाखा लगाएर नेता पत्रकारहरूले पद र सत्ताको ताबेदारीमा श्रम, शक्ति र समय लगानी गर्नु सार्वजनिक आलोचनाको विषय हो ।

पत्रकार महासंघका केन्द्रीय पदाधिकारी, प्रदेश पदाधिकारी तथा जिल्ला नेतृत्वले समानुपातिक विज्ञापन नीति तथा श्रमजीवी पत्रकार ऐन कडाइका साथ लागू गर्ने भनी मुखले भन्नेमात्र हुन्, व्यवहारमा लागू गर्न पहल गरेको पाइँदैन । ठाउँमा पुगेपछि मुख बन्द हुने गर्छ । किन मुख बन्द हुन्छ ? कसले मुख बन्द गराउँछ ? यस विषयमा खोजी गर्ने समय आएको छ । कसैगरी पत्रकार महासंघको नेतृत्वमा पुग्ने र व्यक्तिगत प्रोफाइल बनाउने प्रायः अगुवा पत्रकारको ध्याउन्न देखिन्छ । उनीहरूको व्यावहारिक प्राथमिकतामा श्रमजीवी तथा स्वरोजगार पत्रकारको मुद्दा एवं समस्या नपरेको तीन दशकभन्दा बढी भइसक्यो ।

यतिबेला समानुपातिक विज्ञापन नीति लागू गर्न देशभरका सञ्चारगृहहरू र श्रमजीवी पत्रकारले संगठित आवाज उठाउने समय घर्किंदो छ । यो विषयमा पत्रकार महासंघका कुनै पदाधिकारी व्यावहारिक रूपमा दह्रोगरी खुट्टा टेकेको आजसम्म देखिएको छैन । फलतः एकपछि अर्को स्वरोजगार मूलक मिडिया बन्द हुने क्रम सुरु भएको छ भने पत्रकारहरू काम छोडेर विदेश जाने क्रम बाक्लिएको छ ।

तर आम श्रमजीवी, कलमजीवी पत्रकारहरूको पेसागत सुरक्षा एवं स्थायित्वका विषयमा पत्रकार नेतृत्व-पंक्तिले खासै चासो दिएको पाइँदैन । समाचार संकलनको क्रममा आज पनि कर्मचारी, नेता, व्यवसायीहरूले पत्रकारहरूलाई धाक-धम्की दिने, कुटपिट गर्ने, गालीगलौज गर्ने, सञ्चारसामग्री खोसेर लैजाने, अपहरण गर्ने, अपमानजनक व्यवहार गर्ने जस्ता कार्य गरेको पाइन्छ । राजनीतिकर्मी, सुरक्षाकर्मी, कर्मचारीलाई सामान्य कुटपिट हुँदा वा गालीगलौज हुँदा सार्वजनिक अपराध वा अभद्र व्यवहार मुद्दा दायर गरिन्छ तर पत्रकारउपर कुटपिट, गालीगलौज भए, ज्यानमार्ने धम्की आए पीडकविरुद्ध प्रहरीमा जाहेरी दिन जाँदा जाहेरी दर्ता नै हुँदैन, माफी मगाउने भन्दै अपराध ढाकछोप गर्नेतिर पहल सुरु हुन्छ । संविधानमा पूर्ण प्रेस स्वतन्त्रता शब्द लेखिएको छ तर व्यवहारमा ती शब्दहरूले आम पत्रकारहरूतिर फर्केर कुरीकुरी गरिरहेको जस्तो लाग्छ । सत्ता र शक्तिको आडमा जसले जे गर्दा पनि हुने रहेछ । अनेक संघर्ष गरेर संविधानमै पूर्ण प्रेस स्वतन्त्रता लेखाउन सकियो भन्दै भाषण गरेपछि पत्रकार नेतृत्वको काम सकिने गरेको देखिन्छ । पत्रकारको जीउधन तथा पेसागत सुरक्षाका सवाल देखिँदैन । यसतर्फ आवाज उठाएर तालाबन्दी गरेको भए आम श्रमजीवी पत्रकार, सञ्चारगृहहरू सबैले स्यावासी दिने थिए । तर, नेपाल पत्रकार महासंघको कार्यालयमा हालै भएको तालाबन्दी पदका लागि सौदाबाजी गर्नका लागि भएको स्पष्ट छ ।

त्यसो त पत्रकारजस्तो समाजको अगुवा वर्गले तालाबन्दी गर्नु स्वयंमा नचाहिँदो, अलोचनायोग्य काम हो । शुद्धीकरणमा मनपरी वा कारण जेसुकै भए पनि समस्या समाधानको विधि अरू तह-तप्काका लागि अनुकरणीय हुनुपर्छ । जनतामा सकारात्मक सन्देश जाने खालको हुनुपर्छ । केही पत्रकार तथा सञ्चारगृहका सञ्चालकहरूमा आफूसँग पत्रकारिताको साइनो जोडिएपछि जे गर्दा पनि हुन्छ, आफूहरूले हरेक कुरामा विशेष प्राथमिकता पाउनुपर्छ भन्ने सोच रहेको पाइन्छ । यो सरासर गलत हो । पत्रकार वा जोसुकै भए पनि कानुन सबैका लागि बराबर हुन्छ, हुनुपर्छ । पेसागतरूपमा सञ्चारकर्मबाहेक पत्रकारका लागि अरू कुनै प्राथमिकताको क्षेत्र हुनुहुँदैन ।

पत्रकार भनेको निजी स्वार्थभन्दा माथि उठेर समाजमा भएका गल्ती कमी कमजोरीबारे निडरतासाथ खोजी तथा प्रस्तुति गर्नुपर्छ । कहाँ अनियमितता भएको छ ? कहाँ कसले कानुन मिचेको छ ? कसले दायित्व पूरा गरेको छैन ? आदि खोजेर पत्रकार जगतले जनतामा ऐनाजस्तै छर्लंग पार्नुपर्छ । जनतामा भ्रम पार्ने, पत्रकार आचारसंहिताविपरीत कार्य गर्ने पत्रकार तथा सञ्चारगृह जनताबाट नांगिने छन् ।

अधिकतर नागरिक सचेत भएका देशमा पत्रिका सञ्चालन गर्ने प्रकाशक तथा सम्पादकको पृष्ठभूमि हेर्ने प्रचलन छ । असल, निस्कलंक, स्वच्छ छवि भएको व्यक्तिले सञ्चालन गरेको मिडिया भएमा ग्राहक बन्ने, विज्ञापन दिने, सहयोग गर्ने हुन्छ । अन्यथा गलत र भड्किला सामग्रीलाई प्राथमिकता दिने पत्रिका नपढ्ने, विज्ञापन नदिने गरिन्छ । गलत, भ्रामक सूचनाहरूले व्यक्तिलाई मूर्ख बनाउँछ भने सही सूचना तथा समाचारका कारण मानिस सभ्य, जागरुक, उत्साहित बन्ने हो ।

सूचना प्रवाह गर्ने जिम्मेवारीमा बसेका व्यक्तिहरू भ्रष्ट भए, आपराधिक गतिविधिमा लागे भने देश स्वाभाविकरूपमै बर्बादीको अवस्थामा पुग्ने छ । कर्तव्यनिष्ठ, दायित्व बहन गर्ने, देश र जनताको उन्नति-प्रगतिमा सदा रम्नसक्ने विवेकी, असल स्वभाव भएको व्यक्तिले पत्रपत्रिका प्रकाशन तथा सञ्चारमाध्यम सञ्चालन गर्ने हो । पत्रिका प्रकाशन, रेडियो, टेलिभिजन, अनलाइन आदि सञ्चालन गर्ने कतिपयले दायित्वबोध गर्ने भावनाले स्थापना गरेको पाइन्छ तर कतिपयले सञ्चार क्षेत्रकै बद्नाम हुने व्यवहार गरेको पाइन्छ । पत्रकार तथा सञ्चारगृहको आवरणमा धम्क्याउने, कानुन मिच्ने, कानुन तथा सुविधाको दुरूपयोग गर्ने र नियमसंगत, पत्रकार आचारसंहिता पालना गर्ने पत्रकार तथा सञ्चारगृहलाई गोलमटोल एकै रूपमा लिनु गलत हुन्छ ।

सञ्चार क्षेत्र भनेको नागरिकलाई सुसूचित गराउने, समाजलाई सभ्यतातर्फ उन्मुख गर्ने, विकृति विसंगति, घूस, भ्रष्टाचार, कमिसनतन्त्र, कालोबजारीजस्ता गलत कार्यविरुद्धको अभियानलाई साथ दिने हो । भ्रष्टाचारी जोगाउने, अपराध लुकाउने, कानुन मिचेर जथाभावी गर्ने, कालोधन सेतो बनाउने, इच्छित व्यक्तिलाई नियुक्ति दिलाउने मनसाय भएकाले सञ्चारगृह सञ्चालन गर्नु मुलुकलाई अँध्यारोतर्फ धकेल्नु हो । यसर्थ सञ्चारगृह सञ्चालन गर्नेको व्यक्तित्व, सञ्चारगृह सञ्चालन गर्नुअघिको पृष्ठभूमि, समाजमा निजले गरेका उल्लेखनीय कार्य आदि हेरेर पाठक, दर्शक, श्रोताले मूल्यांकन गर्ने हो ।

यतिबेला विज्ञापन अभावमा धेरै सञ्चारगृहहरू बन्द भइसके भने केही बन्द हुने अवस्थामा छन् । त्यसमा पनि छापा माध्यम सञ्चारगृहको अवस्था झनै नाजुक रहेको छ । कागजमा सीमित समानुपातिक विज्ञापन नीति व्यवहारमा लागू गराउने मुख्य दायित्व नेपाल पत्रकार महासंघको हो । तर समानुपातिक विज्ञापन नीति र श्रमजीवी पत्रकार ऐन एकैसाथ लागू गराउन पत्रकार महासंघको नेतृत्व किन हिचकिचाइरहेको छ ? विज्ञापन बोर्डका पदाधिकारी किन समानुपातिक विज्ञापन नीतिविरुद्ध देखिएका छन् ? बुझ्न सकिएको छैन । नेपाल पत्रकार महासंघ, न्यूनतम पारिश्रमिक निर्धारण समिति र विज्ञापन बोर्डले दबाब दिने हो भने सरकार १२ घण्टाभित्र बैठक बसेर समानुपातिक विज्ञापन नीति व्यवहारमा लागू गर्न बाध्य हुने छ । तर, महासंघलगायत सम्बन्धित निकायले यसमा बेवास्ता गरेको पाइन्छ । महासंघले समानुपातिक विज्ञापन नीति लागू गर्न छापा तथा विद्युतीय सञ्चारमाध्यम तथा सम्बन्धित सञ्चार गृहसँग छलफल चलाउन अग्रसर देखिएको छैन, उल्टै विज्ञापन एजेन्सीसँग सेटिङ मिलाउने खेलमा लागेको देखिन्छ ।

सरकारले कम्तीमा पनि आफूमातहतका कार्यालय र स्वामित्वमा रहेका निकायहरूका विज्ञापन जिल्ला, प्रदेश र राष्ट्रियस्तरका सञ्चार गृहलाई समानुपातिक ढंगले वितरण गर्नुपर्ने हो । यसका लागि कुन प्रकृतिको सञ्चारगृहले के-कस्तो सर्त पूरा गर्नुपर्छ, यस बारेमा मापदण्ड बनाएर समानुपातिक विज्ञापन नीति लागू गर्ने र त्यसको अध्ययन गरेर समय-समयमा परिमार्जन गर्दै लैजाने हो भने देश र जनताप्रति समर्पित सञ्चारमाध्यममहरू सञ्चालन गर्न सहज हुने छ । जुन सञ्चारमाध्यमहरू पैसामुखी छन्, पत्रकार आचारसंहिताविपरीत कार्य गरिरहेका छन् त्यस्ता सञ्चारगृहहरू बिस्तारै आफैं बिलाउने छन् ।

समानुपातिक विज्ञापन नीति लागू नहुँदा विभिन्न कार्यालय तथा निकायका कर्मचारीले कमिसनमा बार्गेनिङ गरेर विज्ञापन दिने गरेका छन् । सुरुमै कमिसन कबोल नगर्ने सञ्चारमाध्यमले कुनै हालतमा विज्ञापन पाउँदैनन् । मन्त्रालय, विभाग तथा कार्यालयले दिने विज्ञापन कर्मचारीले निजी सम्पत्तिझैं ठानेका छन् । पत्रकार महासंघ, विज्ञापन बोर्डलगायत सम्बन्धित निकायले यस्ता अनियमितताका कुरा प्रधानमन्त्री, अर्थमन्त्री, सूचना तथा सञ्चार प्रविधिमन्त्रीलाई किन भन्न सक्दैनन् ? पहुँच हुने, राजनीतिक दलका नेताको नजिक भएका कर्मचारीले, विज्ञापन एजेन्सीले जे गर्दा पनि हुने ? भ्रष्टाचारमा साथ (कमिसन) दिन नमान्ने सञ्चारमाध्यमले यस्तो बेथिति सहेर बस्नुपर्ने कस्तो विडम्बना ?

इमान्दारीपूर्वक सही ढंगले काम गर्ने पत्रकारविरुद्ध काल्पनिक उजुरी गर्ने, झूठा मुद्दामा फसाएर दुःख दिने, हतोत्साही बनाउने घटना बढेका छन् । आपराधिक गतिविधिमा संलग्न व्यक्ति, भ्रष्टाचारी, कालोबजारी, सुन तस्कर, कमिसनखोर, सेटिङवाला, विभिन्न क्षेत्रका माफिया आदिलाई सरकारी संरक्षण रहेको देखिन्छ । अन्यथा सरकारी कार्यालयले विज्ञापन एजेन्सीहरूलाई विज्ञापन दिने तर सञ्चारगृहलाई नदिने कारण के हो ? महासंघले यस विषयमा विशेष छलफल चलाउनु, आवाज उठाउनुपर्ने हो । सम्बन्धित मन्त्रालयका मन्त्री तथा सचिवलाई विज्ञापनमा हुने गरेको अनियमिताबारे जवाफदेही बनाउनुपर्ने हो । तर, यसतर्फ महासंघ नेतृत्वको ध्यान गएको पाइँदैन । महासंघले पत्रकारको सुरक्षाका विषयमा कुरा उठाउने हो, पेसागत हितका बारेमा आवाज बुलन्द गर्ने हो । सञ्चारगृहले पाउने विज्ञापन कमिसनका नाममा कर्मचारीले खाएपछि सञ्चारगृह सञ्चालन गर्न नै धौ-धौ परेको अवस्थामा सञ्चारगृहले पत्रकारलाई नियुक्तिपत्र दिने अवस्था नै रहँदैन । पत्रकारको जीविकोपार्जनको सवाल महासंघको प्राथमिकता हुनुपर्छ ।

कतिपय विज्ञापन एजेन्सीले कर्मचारीलाई ५० प्रतिशतभन्दा बढी कमिसनको प्रलोभनमा पारेर विज्ञापन लिने र विज्ञापन एजेन्सीले भुक्तानी लिएको रकमको १०-१५ प्रतिशत रकममात्र सञ्चारगृहलाई दिने गरेको पाइन्छ । केही सञ्चारमाध्यमहरू निरन्तर सञ्चालनमा नरहेका भए पनि कार्यालय तथा निकायका कर्मचारीसँग कमिसनको सेटिङ गरेर विज्ञापन लिएर भित्रभित्रै बजेट सक्ने गरेको पाइन्छ । विज्ञापन भएमा मात्र छापिने पत्रिकाले नेपाल सरकारका धेरै विज्ञापनहरू भुक्तानी लिएको पाइन्छ । तर प्रेस काउन्सिल नेपालमा वर्ग विभाजन भएका, नियमित प्रकाशनमा रहेका पत्रिका, जनताको आवाज बुलन्द गर्ने, आवाजविहीनहरूको आवाज बनेका, देश र जनताको हितमा सूचना प्रवाह गर्ने सञ्चारमाध्यमले सरकारी निकायबाट प्राप्त हुने विज्ञापन छाप्न, प्रसारण गर्न नपाएको अवस्था छ ।

सरकारी निकाय तथा कार्यालयका विज्ञापनको भुक्तानी दिँदा पत्रपत्रिकाको हकमा प्रेस काउन्सिल नेपालको अभिलेखमा नियमित प्रकाशन भए-नभएको ख्याल राख्नुपर्ने हो । नियमित प्रकाशन भएको पत्रपत्रिका हो-होइन सम्बन्धित कार्यालयले त्यसको प्रमाण राखेर मात्र भुक्तानी दिनुपर्ने अन्यथा त्यस्तो रकम बेरुजु हुनुपर्छ । मन्त्रीस्तरीय निर्णय वा आर्थिक नियममा उल्लेख गरेर त्यस्तो व्यवस्था गर्न अत्यावश्यक देखिएको छ । कतिपय पत्रिकाहरूले कार्यालयका कर्मचारी, ठेकेदारसँग मिलेर पुरानो मितिको सूचना छाप्ने र ठेक्कापट्टाको फायल र भुक्तानी बिलमा मात्र राख्ने, बाहिर कहीँ-कतै नदेखाउने गरेको पाइन्छ । कतिपय कार्यालय, शिक्षण-संस्थाले कर्मचारी, शिक्षक आदिको आवश्यकतामा अरूले निवेदन दिन नपाउन् भनेर पुरानो मिति राखेर पत्रिका छाप्ने र सम्बन्धित फायलमा राख्ने गरेको पाइन्छ । यसरी कार्यालय तथा विभिन्न निकायमा आफ्ना मान्छे भर्ना गर्ने गरेका अनेक उदाहरण छन् । यस्ता विषयमा सबन्धित निकायका प्रमुखलाई जानकारी गराउँदा, समाचार प्रकाशन गर्दासमेत कुनै निकायले चासो लिएको पाइँदैन ।

विज्ञापन भुक्तानी गर्दा कार्यालयले सीधै सञ्चार गृहको बैंक खातामा रकम जम्मा गरिदिने व्यवस्था गरे आर्थिक अपचलन रोक्न सजिलो हुने छ । समानुपातिक विज्ञापन नीति लागू नहुनु भनेको नेपाल सरकारका कार्यालय तथा निकायहरूको विज्ञापनमा कर्मचारीहरू केही हिस्सा खाउन् भनेर मन्त्रालयका मन्त्री, सम्बन्धित मन्त्रालयका सचिवले आँखा चिम्लिदिएको अवस्था हो । यसतर्फ अनुगमन गर्ने विशेष निकायको आवश्यकता देखिएको छ ।

सरकारी कार्यालयहरूको विज्ञापनमा अनियमितता रहेको र यसले स्वरोजारमूलक सञ्चारगृहहरू मारमा परेकोबारे सम्बन्धित कार्यालय प्रमुख तथा पत्रकार महासंघका पदाधिकारीलाई जानकारी हुन्छ तर थाहा पाएर पनि थाहा नपाए जस्तो गरिदिनाले समस्या खडा भएको छ । भनिन्छ, निदाएको मानिसलाई ब्युँझाउन सकिन्छ तर निदाएको बहाना गर्नेलाई ब्युँझाउन सकिँदैन । समानुपातिक विज्ञापन नीति लागू गर्न चाहने हो भने सहजरूपमा लागू गर्न सकिन्छ । तर, मन्त्री, सचिव, महासंघका पदाधिकारी, पहुँचवाला मिडिया, नेताको आशीर्वाद पाएका विज्ञापन एजेन्सी सञ्चालकहरू समानुपातिक विज्ञापन नीति लागू गर्न दिने पक्षमा देखिँदैनन् ।

समानुपातिक विज्ञापन नीति लागू गर्न देशभरका सञ्चारगृह सञ्चालकहरू एक भएर आन्दोलन गर्नुपर्ने अवस्था छ । जबसम्म सञ्चार गृह सञ्चालकहरू एकजुट भएर आन्दोलन गरिँदैन तबसम्म समानुपातिक विज्ञापन नीति आकाशको फल आँखा तरी मर भनेसरह हुने छ । विज्ञापन एजेन्सीले सरकारी विज्ञापन पाउने होइन, सीधै सञ्चारगृहले पाउनुपर्छ । एजेन्सीले व्यक्तिगत तथा नयाँ उत्पादनका विज्ञापनहरू संकलन गर्ने हो । देशमा विज्ञापन एजेन्सी मौलाउने, सञ्चारगृह दुब्लाउने तथा बन्द हुने अवस्था अन्त्य गर्न अब सञ्चारगृह सञ्चालक तथा श्रमजीवी पत्रकारहरू एकजुट हुनुपर्छ । त्यसका लागि पत्रकार महासंघको आसन्न निर्वाचनलाई रणनीतिक अवसरका रूपमा उपयोग गर्नुपर्छ । समानुपातिक विज्ञापन नीतिपक्षधर पत्रकारलाई नेतृत्वमा पुग्न सघाउनुपर्छ ।

जबसम्म सञ्चारगृह सञ्चालकहरू एकजुट भएर आन्दोलन गरिँदैन तबसम्म समानुपातिक विज्ञापन नीति आकाशको फल आँखा तरी मर भनेसरह हुने छ । विज्ञापन एजेन्सीले सरकारी विज्ञापन पाउने होइन, सीधै सञ्चारगृहले पाउनुपर्छ । एजेन्सीले व्यक्तिगत तथा नयाँ उत्पादनका विज्ञापनहरू संकलन गर्ने हो । देशमा विज्ञापन एजेन्सी मौलाउने, सञ्चारगृह दुब्लाउने तथा बन्द हुने अवस्था अन्त्य गर्न अब सञ्चारगृह सञ्चालक तथा श्रमजीवी पत्रकारहरू एकजुट हुनुपर्छ । त्यसका लागि पत्रकार महासंघको आसन्न निर्वाचनलाई रणनीतिक अवसरका रूपमा उपयोग गर्नुपर्छ । समानुपातिक विज्ञापन नीतिपक्षधर पत्रकारलाई नेतृत्वमा पुग्न सघाउनुपर्छ ।

# चुहिने छानामुनि पढ्न बाध्य छन् कुँडेढोरका विद्यार्थी



**गलकोट (बागलुङ)**– उप्किएका भित्ता, जीर्ण झ्यालढोका, मक्किएका काठले छाएको छानो । घामपानी र हावाहुरी नछेक्ने टहरो । हेर्दै जीर्ण भवनमा ओत लागेर पढ्छन्, निसेलढोरका बालबालिका।निसीखोला गाउँपालिका-६ निसेलढोरस्थित कुँडेढोर प्राथमिक विद्यालयका विद्यार्थीहरू यस्तै जीर्ण भवनमा पढ्न बाध्य छन् । वि.सं. २०६४ मा स्थापना भएको विद्यालयको हालसम्म भरपर्दो भवन बनेको छैन । ५२ जना विद्यार्थी अध्ययनरत विद्यालयमा शैक्षिक सामग्रीदेखि आधारभूत पूर्वाधारको अभाव छ ।

तीनवटा विद्यालय भवनमध्ये दुईवटा भवन कच्ची छन् । हावाहुरी र पानी पर्दा कक्षाकोठामा बस्नै मिल्दैन । यो विद्यालय जिल्लाको सबैभन्दा विकटमा पर्छ । बर्खा लागेपछि घुम्ती बसाइमार्फत २५ जना विद्यार्थी थपिन्छन् । पढाउनेक्रममै छानोको फलेक कुहिएर झर्ने गरेको र बर्खामा पानी चुहिने गरेको विद्यालयका निमित्त प्रधानाध्यापक रुद्र विकले जानकारी दिए । ‘विकटमा राज्यको नजर कम पर्दोरहेछ, बालविकास र कक्षा ४ सम्मका विद्यार्थीलाई कक्षाकोठा ठिकै छ तर, कक्षा ५ का विद्यार्थीलाई कक्षाकोठाको अभाव छ,’ विकले भने, ‘गाउँपालिकामा भवन निर्माणका लागि बजेट माग गरिरहेका छौं, यसपटक बजेट प्राप्त होला ।’

कक्षाकोठा उपयुक्त नहुँदा पठनपाठनमा असहज हुने गरेको कक्षा ५ मा अध्ययनरत छात्रा सृष्टी मगरले बताइन् । ‘कक्षामा पानी पर्दा चुहिन्छ, हिउँ पर्दा पग्लेर कक्षा कोठा भरिन्छ,’ मगरले भनिन् । पाँच कक्षासम्म मात्रै पढाइ हुने यहाँका बालबालिका कक्षा छदेखि माथि पढ्न गाउँभन्दा बाहिर जानुपर्ने बाध्यता छ ।

निसेलढोरमा अस्थायी र स्थायी गरी दुई थरी बस्ती छन् । निसीखोला गाउँपालिकाको विभिन्न स्थानबाट धेरैजसो गर्मीको समयमा यहाँ खेतीपातीका आउँछन् र हिउँदमा बेंसी झर्छन् । ५० घरधुरी भने स्थायीरूपमा निसेलढोरमै बस्छन् । निसीखोला-५ निसीको ज्ञानेन्द्र माध्यामिक विद्यालयलाई २०६४ सालअघिसम्म घुम्ती विद्यालयका रूपमा निसेलढोरमा सञ्चालन गरिएको थियो । वि.सं. २०६४ सालमा सोही विद्यालयको पूर्वाधारमा कुँडेढोर प्राथमिक विद्यालय स्थापना गरिएको हो । निसीखोला-५ निसीबाट सोही वडाको निसेलढोर आउन पाँच घण्टा पैदल हिँड्नुपर्छ । *रासस*

# खडेरीले धानको बीउ राख्नै समस्या

**राँझा (बाँके)**– खडेरीले खेतबारी सुक्खा भएपछि बाँकेका किसानलाई यस वर्ष धानको बीउ राख्नै समस्या भएको छ । जेठ अन्त्यसम्म पनि वर्षा नभएपछि किसानले धान रोपाइँका लागि आवश्यक बीउ राख्न पाएका छैनन् ।

आकाशे पानीको भर पर्नुपर्ने किसानलाई यस वर्ष धानको बीउ राख्नै समस्या भएको किसान महासंघ बाँकेका अध्यक्ष कृष्णविक्रम केसीले जानकारी दिए । सिँचाइको व्यवस्था नभएकाले किसानले धानको बीउ राख्न पनि आकाश हेरेर बस्नुपर्ने बाध्यता रहेको उनी बताउँछन् । ‘धानखेतीका लागि आवश्यक सिँचाइ, बीउ र मल नपाउँदा बर्सेनि गरिखाने किसानले दुःखमाथि दुःख झेल्नुपर्ने बाध्यता छ,’ उनले भने, ‘समयमै बीउ राख्न नपाउँदा किसान चिन्तित भएका छन् ।’

जेठ सकिन लाग्दा पनि बीउ राख्न नपाएकाले यस वर्ष धान उत्पादनमा पनि कमी आउने चिन्ता बढेको खजुरा गाउँपालिका-२ का अगुवा किसान गेहेन्द्र धितालले बताए । मोटरको प्रयोग गरी रोपेको बीउ अत्यधिक गर्मीले सुक्न थालेको उनले बताए । बाँकेमा सिँचाइ सुविधा नपुगेको क्षेत्रमा घरायसी प्रयोजनका लागि राखिएका मोटर र कतिपय क्षेत्रमा खानेपानी धाराको पानी प्रयोग गरेर बीउ राखिएको छ । नेपालगञ्ज, खजुरा, जानकी, बैजनाथलगायत क्षेत्रमा किसानले मोटर र खोनपानीमार्फत बीउ राखेका छन् । जसोतसो बीउ राखे पनि वर्षात् नभएका कारण बीउ जोगाउन मुस्किल परेको नेपालगञ्ज-२३ पुरैनीका किसान चक्र बुढामगरले बताए ।

बाँकेमा सिक्टा सिँचाइ आयोजनाको पूर्वी नहरबाट राप्ती सोनारी र पश्चिमी नहरबाट कोहलपुर नगरपालिकाका केही वडामा सिँचाइ व्यवस्था भए पनि अधिकांश किसान अहिले पनि आकाशे पानीको भरमा धानखेती गर्न बाध्य छन् । बीउ राख्ने समयलाई मध्यनजर गरेर पूर्वी र पश्चिमी दुवै नहरमा नियमित रूपमा पानी छाडिएको सिक्टा सिँचाइ आयोजनाका सूचना अधिकारी डिभिजनल इञ्जिनियर सन्देश पौडेलले जानकारी दिए ।

कृषि ज्ञान केन्द्र बाँकेका प्रमुख शकील अहमद खाँले सिक्टा सिँचाइ आयोजनाले छोडेको पानीबाट कोहलपुर, बैजनाथ र राप्ती सोनारी गाउँपालिकाका किसानले बीउ राखे पनि सिँचाइ सुविधा नपुगेको क्षेत्रका किसानलाई बीउ राख्नमै समस्या भएको बताए । बाँकेमा धान रोपाइँ हुने कुल ३६ हजार ५०० हेक्टर खेतीयोग्य जमिन छ । गत वर्ष सोही क्षेत्रफल खेतमा धानखेती गरिएको थियो । अहिले पनि सबै क्षेत्रफलमा धानखेती हुने अनुमान छ । असारको पहिलो सातासम्म मनसुन सक्रिय भएमा उत्पादनमा असर नहुने खाँले बताए । *रासस*

# स्तनपान गराउन कामकाजी महिलालाई समस्या

■ दुर्गा देवकोटा

**टीकापुर (कैलाली)**– कैलालीको घोडाघोडी नगरपालिका पहलमानपुरकी पवित्रा विष्टले छोरा र छोरीतर्फका १६ नातिनातिना हुर्काइन् । खेतीपाती गर्ने उनको परिवारमा सुत्केरीलाई तीन महिना आराम गर्न मिल्छ । तीन महिनापछि खेतबारीमा जानुपर्छ । सुत्केरी खेतबारीमा गएपछि विष्टले सबै नातिनातिनालाई गाईभैंसीको दूध खुवाइन् ।

‘हामी खेतीपाती गर्ने परिवारका व्यक्ति, सुत्केरीलाई तीन महिना आराम गर्न पाइन्छ,’ उनले भनिन्, ‘त्यसपछि खेतीपाती र घाँस दाउरा गर्न जानुपर्छ । त्यो समयमा शिशुलाई गाईभैंसीको दूध खुवाउने गरेका छौं ।’ यस्ता विभिन्न कारणले कैलालीका कतिपय आमाहरूले शिशुलाई पूर्ण स्तनपान गराउन पाउँदैनन् । कतिपय आमा भने स्तनपानको महत्त्व नै बुझ्दैनन् । नियमितरूपमा छ महिनासम्म स्तनपान गराउन सकेमा शिशुको स्वास्थ्य राम्रो हुनुका साथै कुपोषण हुनबाट जोगाउन सकिन्छ । स्तनपान आमाहरूले चाहेरमात्र गराउन सम्भव छैन । कामकाजी आमालाई चाहेर पनि शिशुलाई नियमित स्तनपान गराउन समस्या छ ।

टीकापुरको एकता नगरकी गीता अधिकारी खत्रीका तीन सन्तान छन् । कम उमेरमै सन्तान जन्माएकी गीताले दुई छोरीलाई पूर्ण स्तनपान गराएनन् । छोरा जन्मिदा स्वास्थ्यकर्मीले स्तनपानको महत्त्वबारे सिकाएपछि भने राम्ररी स्याहारिरहेको उनी बताउँछन् । ‘दुई छोरीलाई समय मिलाएर दूध चुसाउन पाइनँ, आफूले पनि जानेको थिइन, घरायसी कामले पनि फुर्सद भएन,’ उनले भनिन्, ‘तेस्रो सन्तान पाउँदा स्वास्थ्यकर्मीले स्तनपानको महत्त्वबारे सिकाउनुभयो । त्यसपछि विशेष ध्यान दिएर हुर्काइरहेकी छु ।’

शिशु जन्मेको एक घण्टाभित्र आमाको दूध चुसाउनुपर्छ । स्तनपान प्रत्येक नवजात शिशुको नैसर्गिक अधिकार हो । शिशु जन्मेको एक घण्टाभित्र स्तनपान गराइसक्नुपर्ने हुन्छ। शिशुको स्वास्थ्य र पोषणका लागि छ महिनासम्म अनिवार्यरूपमा आमाको मात्र दूध खुवाउनुपर्छ । स्वास्थ्यकर्मीका अनुसार छ महिनामुनिका शिशुलाई आवश्यक पर्ने सम्पूर्ण पोषण आमाको दूधबाट प्राप्त हुने हुँदा उसलाई पानीसमेत खुवाउनुपर्दैन । शिशुलाई छ महिना कटेपछि मात्र सर्वोत्तम पिठो, लिटो, जाउलो जस्ता अतिरिक्त खाना खुवाउँदै, दुई वर्ष नपुगुञ्जेलसम्म स्तनपानलाई निरन्तरता दिनुपर्छ । तर, हाम्रो समाजमा यी अभ्यास थोरैले गर्छन् ।

टीकापुर नगरपालिकाकी कर्मचारी विन्द्रा उपाध्यायले दोस्रो शिशु हुर्काइरहेकी छन् । सुत्केरी हुँदा उनले ९८ दिन सुत्केरी बिदा पाइन् । कार्यालयमै स्तनपान कक्ष छ तर पनि उनले शिशुलाई चाहेजस्तै स्तनपान गराउन पाइनन्। ‘हामीलाई सुत्केरी बिदापछि कार्यालयमा फर्कंदा पनि दुई/दुई घण्टामा स्तनपानको व्यवस्था छ, तर कार्यान्वयन गर्न गाह्रो छ,’ उपाध्यायले भनिन्, ‘सेवाग्राही धेरै हुन्छन्, चाहेर पनि शिशुलाई स्तनपान गराउन सकिँदैन, कार्यकक्ष छोडेर गएमा गुनासो सम्बोधन गर्न गाह्रो हुन्छ । त्यसैले शिशुलाई पूर्ण स्तनपान गराउन सकिएन ।’

कैलालीकै सुभद्रा विकको पाँच महिनाकी छोरी छिन् । घरमा गाईभैंसी पालेकाले सुभद्रालाई शिशु छोडेर घाँस काट्न जानुपर्छ । ‘कहिलेकाहीँ घाँस काटेर घर फर्कंदा घण्टौं बितिसक्छ, शिशु भोकाएर तड्पिन्छ,’ उनले भनिन्, ‘त्यसैले पाँच महिनामै पास्नी गरिहाल्यौं, अहिले सासूआमाले बाहिरी खानेकुरा खुवाएर भुलाउनुहुन्छ ।’ आमाको दूध शिशुका लागि सबैभन्दा पोषिलो आहार हो। स्तनपान गराउँदा आमा र शिशु दुवैको स्वास्थ्यमा फाइदा पुऱ्याउँछ । *रासस*


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALTQY CLEANING SERVICE EST

पूर्व स्वीकृति मिति २०८१/०२/१८ | LT. No. 302697 | चलानी नं. ६०२१७६५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 80 | 20 | 1000 | ३६,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ३१ गते (13th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**KOPERASI INTERNATIONAL PVT. LTD.**
Govt. License 1287/074/75
Tokha -9, Gongabu (Shiva Mandir), Kathmandu, Bagmati
Contact: +977 1- 5912411, 9767483111, Email: Koperasi227@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SALEM MUHAMMAD AL-BALAWI TRANSPORT CORPORATION

पूर्व स्वीकृति मिति २०८१/०२/२२ | LT. No. 305822 | चलानी नं. ६०२२०६११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 12 | 0 | 1800 | ६४,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ३१ गते (13th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sagarmatha International Employment Pvt. Ltd.**
K.B INTERNATIONAL EMPLOYMENT (P) LTD
Airport, Kathmandu, Nepal. Tel : 015916758/59, Mobile: 9851209638, 9851027865, 9823810701, E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOHAMMED AL-BARGHASH AL-MANSOORI AND SONS TRADING AND CONTRACTING COMPANY

पुर्व स्वीकृति मिति २०८१/०२/२२ | LT. No. 305847 | चलानी नं ६०२२०५७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 10 | 0 | 1800 | ६४,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ३१ गते (13th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Janashakti International Services Pvt. Ltd.**
श्रम ईजाजत नं. ९९९/०६८/०६९
Basundhara-3, Kathmandu, Nepal. Tel: +977-1-4964020 Cell No: +977-9851093031
Email : info@jisnepal.com, Web: www.janashaktiintl.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BRANCH OF THE GULF SUBURBS TRANSPORT COMPANY

पूर्व स्वीकृति मिति २०८१/०२/२२ | LT. No. :305894 | चलानी नं.६०२२०६०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 5 | 0 | 2500 | ८८,९६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Heavy Truck Driver | 5 | 0 | 2100 | ७४,७३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ३१ गते (13th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Star Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. २५७/०५८/०५९
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4363546, Fax: +977-1-4363540
Email: greenstaroverseas@gmail.com, Website: www.greenstaroverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FARID AL-AAMAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०८१/०२/२३ | LT. No. 305881 | चलानी नं. ६०२२०६५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 20 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ३१ गते (13th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GULF MANAGEMENT INTERNATIONAL PVT.LTD**
श्रम ईजाजत नं. ७८८/०६५/०६६
P.O.Box :- 10440, Tokha-9, Gongabu, Kathmandu, Nepal,
Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851231432, 9849205504
E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAFIR PLUS VALET PARKING SERVICES LLC

पूर्व स्वीकृति मिति २०८०/१०/१५ | पुन विज्ञापन स्वीकृति मिति: २०८१/०२/२३ | LT. No.299037 | चलानी नं.६०२१३९७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ticket Collector | 31 | 0 | 1000 | ३६,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : INTEGRATED PARKING SERVICES LLC

पूर्व स्वीकृति मिति २०८०/१०/१५ | पुन विज्ञापन स्वीकृति मिति: २०८१/०२/२३ | LT. No.299036 | चलानी नं.६०२१३७९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ticket Collector | 43 | 0 | 1000 | ३६,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ३१ गते (13th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: निःशुल्क कामदार आफैंले   सेवा शुल्क: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.**
श्रम ईजाजत नं. १०१८/०६८/०६९
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RAPTI RESTAURANT

पुर्व स्वीकृति मिति २०८०/१२/०२ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२३ | LT. No. 301750 | चलानी नं. ६०२१२६६७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 2 | 2 | 1500 | ५४,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Foreman | 1 | 0 | 2500 | ९१,५८५ | | | | | | | |
| 3 | General Clean Worker | 3 | 16 | 1000 | ३६,६३५ | | | | | | | |
| 4 | General Cook | 4 | 2 | 1500 | ५४,९५० | | | | | | | |
| 5 | Hotel Services | 2 | 0 | 1500 | ५४,९५० | | | | | | | |
| 6 | Juice Maker | 4 | 4 | 1500 | ५४,९५० | | | | | | | |
| 7 | Marketing Represent | 1 | 0 | 3000 | १०९,९०५ | | | | | | | |
| 8 | Receptionist | 0 | 1 | 1500 | ५४,९५० | | | | | | | |
| 9 | Supervisior | 4 | 1 | 2500 | ९१,५८५ | | | | | | | |
| 10 | Waiter | 13 | 5 | 1400 | ५१,२९० | | | | | | | |

कम्पनी : BHANU CLEANING AND CONTRACTING

पुर्व स्वीकृति मिति २०८०/०९/१६ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२३ | LT. No. 297414 | चलानी नं. ६०२१२४४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant Gen | 0 | 1 | 3600 | १३१,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Buidling Worker | 3 | 0 | 1000 | ३६,६६० | | | | | | | |
| 3 | Carpenter | 3 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 4 | Cashier | 0 | 1 | 1500 | ५४,९८५ | | | | | | | |
| 5 | Driver | 2 | 0 | 1500 | ५४,९८५ | | | | | | | |
| 6 | Foreman | 5 | 0 | 2500 | ९१,७१० | | | | | | | |
| 7 | General Clean Worker | 8 | 1 | 1000 | ३६,६६० | | | | | | | |
| 8 | Helper | 5 | 0 | 1000 | ३६,६६० | | | | | | | |
| 9 | Labour | 24 | 0 | 1000 | ३६,६६० | | | | | | | |
| 10 | Labour Services | 5 | 0 | 1000 | ३६,६६० | | | | | | | |
| 11 | Mason | 6 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 12 | Painter | 3 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 13 | Plaster Worker | 3 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 14 | Receptionist | 1 | 0 | 1500 | ५४,९८५ | | | | | | | |
| 15 | Supervisor | 4 | 0 | 3000 | १०९,९७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ३१ गते (13th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JALAJALA RECRUITMENT PVT.LTD**
श्रम ईजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com




**'लन्डन टु पेरिस' र 'गाउँ आएको बाटो'को अग्रिम टिकट बुकिङ खुल्यो**

आगामी शुक्रबारबाट प्रदर्शनमा आउने फिल्म फिल्म 'लन्डन टु पेरिस' र 'गाउँ आएको बाटो' को अग्रिम टिकट बुकिङ खुल्ला भएको छ । दुवै फिल्मलाई मल्टिप्लेक्सले राम्रो शो दिएको छ । समाचार तयार गर्दासम्म शो संख्या 'लन्डन टु पेरिस' को तुलनामा 'गाउँ आएको बाटो' को अलि बढी छ । 'गाउँ आएको बाटो' लाई देशको ठुलो मल्टिप्लेक्स चेन क्यूएफएक्सले ३८ शोज दिएको छ । त्यसैगरी दोस्रो ठुलो मल्टिप्लेक्स चेन आईएनआईमा ९ शोज, वान् सिनेमाज् नयाँ बानेश्वर, एफक्युब, बिएसआर मुभिज, बिग मुभिजमा समान ३/३ शो प्राप्त गरेको छ ।



बिहीबार २४, जेठ २०८१ (Thursday, June 6, 2024)

# अस्ट्रेलियाका आठ सहरमा कन्सर्ट



■ प्रभाव संवाददाता

**काठमाडौं–** गायक तथा संगीतकार कालीप्रसाद बासकोटा, र्‍यापर साकार र एक्सिस ब्याण्डले छुट्टा छुट्टै मितिमा अस्ट्रेलियाका आठ सहरमा कन्सर्ट गर्ने भएका छन् । पोजेटिभ भाइब्स इन्टरटेनमेन्ट (पीभीई) नेटवर्कको व्यवस्थापन तथा अस्ट्रेलियाको स्थानीय आयोजक हल्या इभेन्ट्स एण्ड स्ट्रेट आउटा हिमालयजको आयोजनामा काली, साकार र एक्सिसले कन्सर्ट गर्न लागेका हुन् ।

स्थानीय आयोजकका अनुसार एक्सिसले 'रोड टु २४-अस्ट्रेलिया टुर' नामक कन्सर्ट जुलाई ३ देखि आठ सहरमा कन्सर्ट गर्नेछ । ब्याण्ड एक्सिसको 'ब्ल्याक एण्ड ह्वाइट', 'माफ गर', घर गाउँ' र 'पाइला' एलबम बजारमा आइसकेका छन् । ब्याण्डले सात वर्षपछि अस्ट्रेलियामा कार्यक्रम गर्न लागेको हो । ब्याण्डले अस्ट्रेलियामा 'अधुरो प्रेम', 'माफ गर', 'मुस्कान', 'एकचोटी', 'मेरो प्रेम', 'पाइला'लगायतका गीत सुनाउनेछ ।

गत फेब्रुअरी १४ मा ब्याण्डले चितवनको सौराहामा आठ हजार दर्शकमाझ कन्सर्ट गरेको थियो । यो ब्याण्ड यसै वर्ष काठमाडौंमा आयोजना हुन लागेको 'रेडियो कान्तिपुर नेसनल म्यूजिक अवार्ड २०८०'मा 'बेस्ट ब्याण्ड' विधाको मनोनयनमा पनि परेको छ । ब्याण्डमा सन्दिप विश्वकर्मा(भोकल), अमूल्य श्रेष्ठ(ड्रम) छन् भने गीतारमा निखिल सिकर्मी, रोशन लामा र सजिन महर्जन छन् । उनीहरूले अस्ट्रेलिया टुरअघि यही जुनमा लाइभ शोमार्फत 'घर गाउँ' र 'पाइला'को अफिसियल म्युजिक भिडियो सार्वजनिक गर्दैछन् ।

'लिटिल बुद्ध'का रूपमा परिचित र्‍यापर साकारले अस्ट्रेलियाबाट 'डेब्यू' सांगीतिक टुर गर्न लागेका हुन् । उनी अगष्ट १० देखि अस्ट्रेलियाका आठ सहरमा कन्सर्ट गर्दैछन् । उनको टिममा क्यारे महर्जन(ड्रमर) र निरज बराइली(सुट डिरेक्टर एण्ड कन्सोल हेड) रहनेछन् । क्यारे नेपाली संगीत क्षेत्रमा चिनिएका र अनुभव ड्रमर हुन् । उनले केन्जल मेहर श्रेष्ठ र सोमिया बराइलीको लाइभ शोमा सांगीतिक सहकार्य गरिसकेका छन् । साकारले हालैमात्र 'नेप-हप ड्रिप' नामक गीत सार्वजनिक गरेका थिए । यो गीत युट्युब ट्रेन्डिङको १३ औं नम्बरमा छ ।

गायक तथा संगीतकार कालीप्रसाद बासकोटा यसै वर्षदेखि नेपाली संगीत क्षेत्रमा १५ औं वर्ष बिताउदैछन् । उनले सेप्टेम्बर १५ देखि '१५ इयर्स अफ कालीप्रसाद बासकोटा' नाममा अस्ट्रेलिया टुर गर्दैछन् ।

कार्यक्रम व्यवस्थापनमा १७ वर्षदेखि सक्रिय पीभीई नेटवर्कमा विकेश कायस्थ, स्टिभ देवान र सुमन महर्जन श्रेष्ठ छन् । उनीहरूले नेपथ्यदेखि बालेन(हाल काठमाडौं महानगरपालिका मेयर), झिल्के एण्ड द कम्पनीसम्मका संगीतका तीन पुस्ताको कार्यक्रमको व्यवस्थापन गरेको अनुभव संगालिसकेका छन् । पीभीई नेटवर्कका सिईओ विकेश कायस्थले अस्ट्रेलियाको हल्य इभेन्ट्स एण्ड स्ट्रेट आउटा हिमालयजसँगको सहकार्यमा अस्ट्रेलियामा रहेका नेपाली तथा विदेशी दर्शकलाई कलाकारको प्रस्तुतीमात्र नभई लाइभ कोरियोग्राफ शैली अपनाएर मनोरञ्जन दिने तयारी भइरहेको बताए ।

# आदिवासी जनजाति चलचित्र महोत्सव सुरु

■ प्रभाव संवाददाता

**काठमाडौं–** चौथो नेपाल आदिवासी जनजाति चलचित्र महोत्सव बुधबारदेखि भृकुटीमण्डपस्थित राष्ट्रिय सभागृहमा सुरु भएको छ । झाँकी प्रदर्शन, विशेष सांस्कृतिक प्रस्तुतिसहित महोत्सव सुरु भएको हो । महोत्सवको उद्घाटन उपसभामुख इन्दिरा रानाले गरिन् ।

आदिवासी जनजाति चलचित्र महासङ्घद्वारा आयोजित उक्त चलचित्र महोत्सव जेठ २३, २४ र २५ गते तीन दिन सञ्चालन हुनेछ । महोत्सवमा विभिन्न आदिवासी जनजाति समुदायका चलचित्रकर्मीद्वारा निर्माण गरिएका चलचित्र प्रदर्शन गरिनेछ ।

महोत्सवको उद्घाटन गर्दै उपसभामुख रानाले आदिवासी जनजाति समुदायप्रतिको आमबुझाइमा सकारात्मक परिवर्तन ल्याउन चलचित्रले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिइन् । उनले भनिन्, 'अझै धेरै जनजाति समुदायका चलचित्रहरू बन्नुपर्छ । यी चलचित्रको माध्यमबाट हाम्रो जाति र सम्प्रदायको पहिचानलाई विश्व समाजमा चिनाउन र हामीप्रतिको मानसिकतामा परिवर्तन ल्याउनसक्नुपर्छ ।'

महासंघका अध्यक्ष पुर्खाजित राईले विभिन्न समुदायको संस्कार, संस्कृति, भाषा, रैथाने ज्ञानसीप, प्राकृतिक क्षेत्रको पर्यटन विकास गर्दै र पहिचानलाई संरक्षण गर्न आदिवासी जनजाति चलचित्रकर्मीले मातृभाषामा चलचित्र निर्माण गरिरहेको बताए । उनले भने, 'ती चलचित्रलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा पु-याउन यो महोत्सव महत्वपूर्ण हुने विश्वास छ । जसका निम्ति महोत्सवमा अन्तर्राष्ट्रिय चलचित्र र चलचित्रकर्मीको विशेष उपस्थिति र विशेष प्रदर्शन हुनेमा विश्वस्त छु ।'

कलाकार दयाहाङ राईले आफ्नो समुदायको चलचित्रलाई विश्व समुदायसँग साक्षात्कार गराउन सबै चलचित्रकर्मीलाई आह्वान गरे । 'हामीभित्र धेरै कथा छ । हाम्रो मूल्य मान्यता र विश्वासमा चलचित्र बनेका छन्, अझ धेरै कुरा ल्याउन बाँकी छ । यस चलचित्र महोत्सवले विश्व समुदायमा हामी र हाम्रा चलचित्र देखाउनसक्नुपर्छ', उनले भने ।

# चर्चा बटुल्दै शिशिरको 'बेसारे माया'

■ प्रभाव संवाददाता




**काठमाडौं–** संगीतकार शान्त शिशिरले आफ्नो संगीतमा नयाँ गीत 'बेसारे मायाँ...' को भिडियो दर्शकमाझ ल्याएका छन् । बिगतमा प्युठान बाग्दुला..., हरपल तिमै...,माछी लेउमा..., करिम..., सुगन्ध..., खोली तरेत...जस्ता थुप्रै हिट गीतको संगीत सृजना गरेका शान्त लोक दोहोरी संगीतमा चलेका संगीतकार हुन् ।

यिनै संगीतकारले यतिबेला बेसारे मायाँ...गीतको भिडियो आफ्नो संगीतमा सार्वजनिक गरेका हुन् । यो गीतको भिडियोलाई दर्शकले निकै रुचाएका छन् । गीतलाई नविनबाबु विश्वकर्माले रचना गरेका हुन् । गीतको लयसँगै संगीत शान्त शिशिरको हो । यो लोकदोहोरी भाकाको गीतलाई बिक्रम परियार र अन्जु विश्वकर्माको युगल स्वरमा रेकर्ड गरिएको छ ।

यो गीतले यतिबेला दर्शक, श्रोताबाट राम्रो प्रतिक्रिया पाएको संगीतकार शान्त शिशिरले बताए, 'गीत र भिडियो दुबै राम्रो बनेको प्रतिक्रिया दर्शकबाट पाउँदा खुसी लागेको छ,' उनले भने ।

भिडियोलाई काजिश श्रेष्ठले निर्देशन गरेका हुन् । जसमा काजिससँगै सुष्मा कुँवर, सञ्चिता शाही र शान्त शिशिर आफैंले अभिनय गरेका छन् । शान्त शिशिरले यो गीतलाई आफनै अफिसियल युट्युव च्यानल 'शान्त शिशिर अफिसियल'बाट सार्वजनिक गरेका हुन् ।



**टी-२० विश्वकप**

# नेपाल पहिलो खेलमा पराजित दोस्रो खेलमा श्रीलंकासँग भिड्ने




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालले आइसिसी ट्वान्टी-२० विश्वकपको दोस्रो खेल श्रीलंकासँग खेल्ने भएको छ । पहिलो खेलमा नेदरल्याण्ड्ससँग पराजित भएको नेपालले दोस्रो खेल आगामी १२ जुनका लागि खेल्ने भएको हो ।

समूह डीको पहिलो खेलमा नेपाल नेदरल्यान्ड्ससँग ६ विकेटले पराजित भएको हो । नेपालले दिएको १०७ रनको लक्ष्य पछ्याएको नेदरल्यान्ड्सले १८.४ ओभरमा ४ विकेट गुमाउँदै १०९ रन बनायो । नेदरल्यान्ड्सका म्याक ओ डाओडले सर्वाधिक ५४ रन बनाए । अविजित रहेका उनले ४८ बलमा ४ चौका र १ छक्का प्रहार गरे । विक्रमजीत सिंह २२ र साइब्रेन्ड एन्गलब्रेख्त १४ रनमा आउट हुँदा बास डे लीडे ११ रनमा अविजित रहे । अन्यको प्रदर्शन भने राम्रो हुन सकेन । नेपालका सोमपाल कामी, दीपेन्द्रसिंह ऐरी र अविनाश बोहरा समान १ विकेट लिए ।

त्यसअघि अमेरिकाको डालासस्थित ग्रान्ड प्रेरी क्रिकेट स्टेडियममा टस हारेर पहिला ब्याटिङ थालेको नेपालले १९.२ ओभरमा सबै विकेट गुमाउँदै १०६ रन बनाएको थियो ।नेपालका कप्तान रोहितकुमार पौडेलले सर्वाधिक ३५ रन बनाए । ३७ बल खेलेका उनले ५ चौका प्रहार गरे । करण केसी १७, गुल्शनकुमार झा १४ र अनिल साह ११ रनमा आउट हुँदा अन्यले दोहोरो अंकमा रन बटुल्न सकेनन् । नेदरल्यान्ड्सका टिम प्रिन्गल र लोगान भ्यान वीकले समान ३ विकेट लिए । पाउल भ्यान मिकरेन र बास डे लीडेले समान २ विकेट लिएका थिए । नेपालले जारी विश्वकपमा दक्षिण अफ्रिका र बंगलादेशसँग वेस्ट इन्डिजमा खेल्ने छ ।

**अन्तरक्याम्पस क्रिकेट**

# जनप्रशासन स्ववियुलाई उपाधि

■ प्रभाव संवाददाता



**काठमाडौं–** जनप्रशासन क्याम्पस, स्वतन्त्र विद्यार्थी युनियनले आयोजना गरेको अन्तर क्याम्पस स्तरीय क्रिकेट प्रतियोगिता सम्पन्न भएको छ । प्रतियोगिताको उपाधि जनप्रशासन क्याम्पस विद्यार्थी युनियनले हात पारेको छ भने उपविजेता त्रिचन्द्र क्याम्पस स्वतन्त्र विद्यार्थी युनियन बनेको छ ।

काठमाडौं उपत्यकाका १४ वटा क्याम्पसको सहभागिता रहेको खेल नक आउट खेलाइएको थियो । ल्याबोटरी स्कुलको खेल मैदान कीर्तिपुरमा भएको खेलमा म्यान अफ दि सिरिज सत्यम यादव भए ।

विजेता र उपविजेतालाई त्रिभुवन विश्वविद्यालय जनप्रशासन केन्द्रीय विभागका प्रमुख डा. नरेन्द्र पौडेल र क्याम्पस प्रमुख हरिभक्त शाहीले पुरस्कार तथा प्रमाणपत्र वितरण गरे । शाहीलाई प्रमुख अतिथि बनाइएको थियो । स्ववियु अध्यक्ष अग्र बहादुर शाहीले आगामी वर्षमा पनि प्रतियोगितालाई निरन्तरता दिने प्रतिबद्धता जनाए ।

उनले विद्यार्थी शक्तिलाई बौद्धिक एवम् रचनात्मक तथा अतिरिक्त क्रियाकलापमा उत्प्रेरित गराउन, बहु-आयामिक विकासमा प्रेरित गर्न र क्याम्पसको शैक्षिक तथा संस्थागत विकासमा स्ववियु क्रियाशील रहेको बताए ।

# सिन्दिरा जोशी बनिन् च्याम्पियन

■ प्रभाव संवाददाता

**काठमाडौंख –** सिन्दिरा जोशीले दसौं चरणमा शान्ति धिमाललाई पराजित गर्दै बुधबार एक खेल बाँकी छँदै नवौं नेसनल चेस च्याम्पियनसिप २०२४ मा महिलातर्फको उपाधि जितेकी छन् । दोस्रोपल्ट च्याम्पियन भएकी उनले राष्ट्रिय बुद्धिचालको उपाधि आठ वर्षयता पहिलोपल्ट कब्जा गरी हुन् ।

च्याम्पियनसिपको पाँचौं दिन सिन्दिराले अंशु दिन प्रजापतिलाई पराजित गरेपछि १६७२ रेटिङकी शान्तिविरुद्ध पूर्ण एक अंक जोड्दै दोस्रोपल्ट उपाधि पक्का गरेकी हुन् । उनले यससँगै मोनालिशा खम्बू र सुजना लोहनीले बनाएको दुई उपाधिको कीर्तिमान पनि बराबरी गरेकी छन् । उत्कृष्ट १२ खेलाडी सहभागि च्याम्पियनसिपमा अन्तिम तथा ११ औं चरणको खेल विहीबार हुनेछ । यसमा १६८५ रेटिङकी सिन्दिराले १० मध्ये नौ खेल जित्दै नौ अंक बनाएर उपाधि निश्चित गरेकी हुन् । उनले एकमात्र हार विनिता कपालीसँग पाँचौं चरणमा बेहोरेकी थिइन् ।

उपाधि होडमा चुनौती दिइरहेकी शान्तिलाई पराजित गरेपछि ४१ वर्षीया सिन्दिराले उपाधि सुरक्षित गरेकी हुन् । शान्ति दोस्रो हारसँगै ७ अंकमा रोकिएपछि उपाधि होडबाट बाहिरिदै चौथो स्थानमा पुगेकी छन् । सिन्दिराले अन्तिम चरणमा कृतिसरा अधिकारीसँग प्रतिस्पर्धा गर्नेछिन् । यस च्याम्पियनसिपका शीर्ष चार महिला खेलाडी सेप्टैम्बरमा हंगेरीमा हुने ४५ औं चेस ओलम्पियाडमा छनोट हुनेछन् । यसमा पूजा भण्डारी र कृतिसरा समान ७.५ अंकसहित शीर्ष चारमा छन् । यी दुईले आठौं चरणमा आमनेसामने हुँदा अंक बाँडेका थिए ।

त्यस्तै झापाली १९५९ रेटिङका खेलाडी राजन सुवेदी १० खेलमा ७ अंक बनाउँदै पुरुषतर्फ शीर्षस्थानमा यथावत् रहे । झापाकै प्रकाशचन्द्र नेपालसँग दसौं चरणमा बराबरी गरेपनि एकल अग्रता लिएपछि उपाधिनजिक पुगेका हुन् । ३५ वर्षीय राजनले प्रकाशसँग अंक बाँड्नुअघि बुधबार सुशील चौधरीलाई पराजित गरेका थिए । उनलाई पछ्याइरहेका पुरुषोत्तम सिलवाललाई दसौं चरणमा सुरोज महर्जनले स्तब्ध पार्दै पूर्ण एक अंक जोडे । सुश्रुत दाहाल र क्षितीज भण्डारीले बराबरी नतिजा निकाले । यससँगै यी दुईको समान ६.५ अंक भएको छ । पुरुषोत्तम ६ अंकमा सीमित रहे ।

सुरुआती चार चरणमा ०.५ अंकमात्रै जोडेका रूपेश जैयसवाल प्रकाशचन्द्र र प्रेमकृष्णलाई पराजित गर्दै ६ अंक बनाए । तर, डिफेन्डिङ च्याम्पियन उनलाई अन्तिम खेलमा सुरोजसँग पूरा अंक जोड्नसके पनि त्यो उापधि रक्षा गर्न पर्याप्त हुने छैन । प्रकाशचन्द्रको पनि ६ अंक रहेको छ । राजनले अन्तिम चरणमा विहीबार ४९ वर्षीय प्रेमकृष्ण महर्जनसँग प्रतिस्पर्धा गर्नेछन् । प्रेमकृष्णले ३.५ अंक जोडेका छन् । पुरुषतर्फ शीर्ष तीन खेलाडीले ४५ औं चेस ओलम्पियाडमा स्थान पाउनेछन् ।

# मोदीलाई विश्व समुदायबाट बधाई



**माले (माल्दिभ्स)–** भारतको लोकसभा निर्वाचनमा भारतीय जनता पार्टी भाजपा नेतृत्वको राष्ट्रिय प्रजातान्त्रिक गठबन्धन (एनडिए)ले पाएको बहुमतसँगै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई विश्व समुदायबाट बधाईको लहर आउन थालेको छ। माल्दिभ्सका राष्ट्रपति मोहम्मद मुइज्जुले प्रधानमन्त्री मोदीलाई बधाई दिँदै दुई देशका लागि साझा समृद्धि र स्थिरताको खोजीमा 'साझा चासो' का विषयमा सँगै मिलेर काम गर्न तत्पर रहेको बताएका छन् । उनले दुई देशको साझा हित, समृद्धि र स्थिरताका लागि प्रधानमन्त्री मोदीसँग थप सहकार्य हुने बताए ।

जवाफमा प्रधानमन्त्री मोदीले माल्दिभ्सका राष्ट्रपतिलाई धन्यवाद दिँदै दुई देशबिचको द्विपक्षीय सम्बन्धलाई अझ सुदृढ पार्न अझ घनिष्ठ सहयोगको अपेक्षा गरेको बताए । युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले बुधबार भारतीय प्रधानमन्त्री मोदीलाई आमचुनावमा उनको राजनीतिक गठबन्धनको जितका लागि बधाई दिएका छन् । विश्वका सबैले विश्वव्यापी मामिलामा भारतको भूमिकालाई महत्त्व र मान्यता दिने बताउँदै उनले सबै राष्ट्रका लागि न्यायपूर्ण शान्ति सुनिश्चित गर्न सबैले मिलेर काम गर्नु महत्त्वपूर्ण भएको सामाजिक सञ्जाल टेलिग्राममा जारी एक विज्ञप्तिमा उल्लेख छ । इजरायली प्रधानमन्त्री नेतान्याहूले लगातार तेस्रो कार्यकालका लागि पुनः निर्वाचित भएकोमा प्रधानमन्त्री मोदीलाई बधाई दिएका छन् ।

प्रधानमन्त्री नेतान्याहूले सामाजिक सञ्जाल एक्सको एक पोस्टमा प्रधानमन्त्री मोदीलाई लोकसभा चुनावमा लगातार तेस्रो कार्यकालका लागि पुनः निर्वाचित भएकोमा शुभकामना दिएका हुन् । इटालीका प्रधानमन्त्री मेलोनीले मोदीलाई बधाई दिँदै सन्देशमा दुवै राष्ट्रका जनताको हितका लागि विभिन्न सवालहरूमा सहयोग गर्ने बताएका छन् । सिंगापुरका प्रधानमन्त्री लरेन्स वोङले पनि उनका भारतीय समकक्षी मोदीलाई बधाई दिँदै सामाजिक सञ्जाल एक्समा सिंगापुर-भारत साझेदारीलाई गहिरो बनाई अर्को वर्ष कूटनीतिक सम्बन्धको ६० औं वार्षिकोत्सव मनाउन सँगै काम गर्न उत्सुक रहेको उल्लेख गरेको छ ।

### चीन र जापानको पनि बधाई

चीनले बुधबार भारतीय प्रधानमन्त्री मोदीलाई तेस्रोपटक चुनाव जितेपछि बधाई दिँदै आफ्नो नजिकको छिमेकीसँग काम गर्न तयार रहेको जनाएको छ । स्वस्थ र स्थिर चीन-भारत सम्बन्ध दुवै पक्षको साझा हितमा रहेको उल्लेख गर्दै विश्वमा शान्ति र विकासका लागि पनि अनुकूल रहेको चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता माओ निङले नियमित पत्रकार सम्मेलनमा जनाए । चीन दुई देश र जनताको मौलिक हित र भविष्यको दृष्टिकोणमा दुई देशबीचको सम्बन्धको स्वस्थ र स्थिर विकासलाई बढावा दिन भारतसँग काम गर्न तयार रहेको उनले बताए । यसैगरी जापानले बुधबार भारतलाई महत्त्वपूर्ण साझेदारका रूपमा उल्लेख गर्दै प्रधानमन्त्री मोदीको सत्तारूढ गठबन्धनलाई चुनावमा विजयका लागि बधाई दिएको छ ।

प्रधानमन्त्री मोदीको नेतृत्वमा रहेको सत्तारुढ गठबन्धनलाई उनीहरूको विजयको घोषणाका लागि बधाई तथा शुभकामना व्यक्त गरेको सरकारका शीर्ष प्रवक्ता योशिमासा हयासीले पत्रकारलाई जानकारी गराए । स्वतन्त्र र खुला इन्डो-प्यासिफिकका लागि भारत एक महत्त्वपूर्ण साझेदार भएको बताउँदै जापान-भारत सम्बन्धलाई बलियो बनाउन निरन्तर लाग्ने उल्लेख गरे । *रासस/एजेन्सी*

# जापानको जन्मदरमा 'चिन्ताजनक' रूपमा कमी



**टोकियो–** जापानको स्वास्थ्य मन्त्रालयले बुधबार देशको जन्मदर लगातार आठौं वर्षसम्म सबैभन्दा कम भएको र सरकारले अभिभावकका लागि सहयोग सुधार गर्न पहल गरिरहेको अवस्थामा देशको जन्मदर 'गम्भीर' भएको जनाएको छ । मन्त्रालयले सार्वजनिक गरेको तथ्यांकअनुसार जापानको जन्मदर अर्थात् एक महिलाले आफ्नो जीवनमा जन्माउन सक्ने औसत सन्तानको संख्या गत वर्ष १.२० रहेको छ, जुन जनसंख्या सन्तुलन राख्न आवश्यक पर्ने २.१ बालबालिकाभन्दा निकै कम हो ।

यो संख्या सन् २०२२ मा १.२६ बाट घटेको थियो र १२ करोड ४० लाख जनसंख्या भएको देशमा यो लगातार आठौं वार्षिक गिरावट हो । 'जन्मदरमा निरन्तर गिरावट आउनु 'चिन्ताजनक' अवस्था हो,' स्वास्थ्य मन्त्रालयका एक अधिकारीले एएफपीसँग भने, 'आर्थिक अस्थिरता, काम र बच्चा हुर्काउन कठिनाइ जस्ता विभिन्न कारणले यो संख्या घट्नुमा जिम्मेवार हुन सक्छ ।'

घट्दो जन्मदर विकसित देशहरूमा एक सामान्य प्रवृत्ति हो र जापानको जन्मदर अझै पनि यसको छिमेकी दक्षिण कोरियाको ०.७२ भन्दा माथि छ । तथापि, मोनाको पछि विश्वको सबैभन्दा पुरानो जनसंख्याको साथ, जापानले बढ्दो जनसांख्यिकीय संकटलाई रोक्नका लागि जन्मदर (बेबी बूम) लाई प्रोत्साहित गर्ने तरिकाहरूको खोजी गरिरहेको छ । जापानको संसद्ले बुधबार आमाबाबुका लागि थप वित्तीय सहयोग प्रदान गर्न कानुनमा संशोधन, बाल हेरचाह सेवाहरूमा सुधारिएको पहुँच र विस्तारित अभिभावकीय छुट्टी लाभहरूलाई अनुमोदन गरेको छ । प्रधानमन्त्री फुमियो किशिदाले जापानी समाजका लागि तत्काल खतराको रूपमा व्याख्या गरेको जन्मदरलाई बढाउने प्रयास सरकारले गरेको छ ।

जन्मदर बढाउन जापानले चालेको पहलमध्ये टोकियो सहर सरकारले विकास गरेको 'डेटिङ एप' पनि एक हो, जुन यो गर्मीयामदेखि सञ्चालनमा आउने छ। 'डेटिङ एप' का प्रयोगकर्ताहरूले उनीहरू कानुनीरूपमा एकल छन् भनेर प्रमाणित गर्ने कागजातहरू पेस गर्न र विवाह गर्न इच्छुक छन् भनेर एक पत्रमा हस्ताक्षर गर्न आवश्यक हुने छ । जापानी 'डेटिङ एप' प्रयोगकर्ताको आम्दानी सामान्य भए हुने छ तर टोकियोले आवेदकको वार्षिक तलब प्रमाणित गर्न कर प्रमाणपत्रको रसिदको आवश्यकता निर्धारण गरेको छ। गत वर्षको अन्त्यदेखि निःशुल्क परीक्षण चलिरहेको एपको दर्ता प्रक्रियाको एक भागको रूपमा प्रयोगकर्ताको पहिचान पुष्टि गर्न अन्तर्वार्ता पनि आवश्यक हुने छ। *रासस/एएफपी*


## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी : CIJI BLDG. METALIC CONST. IND. LLC

पूर्व स्वीकृति मिति: २०८१/०२/२४ | LT. No. 305180 | चलानी नं. ६०२१९९२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EAD | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 1 | 0 | 5000 | १८१,६११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | ALUMINUM DOOR MAKER | 4 | 0 | 1200 | ४३,५८५ | | | | | | | |
| 3 | Aluminum Fabricator | 1 | 0 | 1200 | ४३,५८५ | | | | | | | |
| 4 | MECHANICAL ENGINEER | 1 | 0 | 5000 | १८१,६११ | | | | | | | |
| 5 | METAL DOOR MAKER | 3 | 0 | 1200 | ४३,५८५ | | | | | | | |

कम्पनी : C J TEC CONTRACTING LLC

पूर्व स्वीकृति मिति २०८१/०२/२२ | LT. No. : 305181 | चलानी नं.६०२१९९२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EAD | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 12 | 0 | 1200 | ४३,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | STEEL FIXER | 8 | 0 | 1200 | ४३,५८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: sushan training center काठमाडौंमा मिति: २०८१ असार १ गते (15th June 2024) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थान: Ram Janaki Traning center धनुषामा मिति: २०८१ असार २ गते (16th June 2024) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थान: Future Talent Training Center &Consultancy Pvt. Ltd.
धनुषामा मिति: २०८१ असार ३ गते (17th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: 10,000/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Google Overseas Pvt.Ltd
श्रम ईजाजत नं. ६३१/०६३/०६४
New Town Planing Airport-9, Kalimatidole, Ktm, Nepal
Phone No.+977-01-4487063 Fax : +977-01-4465296
E-mail : info@googleoverseas.com Website : www.googleoverseas.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AFFORDABLE TECHNICAL SERVICES

पूर्व स्वीकृति मिति २०८१/०२/२३ | LT. No. 305935 | चलानी नं. ६०२२०६४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 30 | 0 | 1000 | ३६,३४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Mason | 10 | 0 | 1200 | ४३,६०५ | | | | | | | |
| 3 | Painter | 10 | 0 | 1200 | ४३,६०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ३१ र ३२ गते (13 & 14 June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैं |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ALI OVERSEAS PVT. LTD. Govt. License 722/064/065
Samakhusi-3, Ranibari, Kathmandu, Nepal Phone : +977-1-4960155, 4960188
E-mail : recruitment.alioverseas@gmail.com, info@alioverseas.com.np
Website : www.alioverseas.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MASSADR HUMAN RESOURCE SERVICE COMPANY

पूर्व स्वीकृति मिति २०८०/११/२० | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२२ | LT. No. 300999 | चलानी नं. ६०२१५९१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labor | 60 | 0 | 1000 | ३५,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ३१ गते (13th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD. (Kumari Overseas Services Pvt. Ltd.)
श्रम ईजाजत नं. ३३६/०५९/०६०
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EMAL AL-TATWIR AL-MATAQDEMA FOR CONTRACTING

पूर्व स्वीकृति मिति: २०८१/०२/२३ | LT No. 305923 | चलानी नं. ६०२२०६३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 5 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ELEGANCE TAILOR DESIGNER FOR MEN'S TAILORING

पूर्व स्वीकृति मिति: २०८१/०२/२३ | LT No. 305922 | चलानी नं. ६०२२०६३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailor | 1 | 0 | 1500 | ५३,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ALI ABDULLAH ABDULLAH AL HAIDER CONTRACTING EST

पूर्व स्वीकृति मिति: २०८१/०२/२३ | LT No. 305924 | चलानी नं. ६०२२०६३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 5 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ३१ गते (13th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Faraz International Overseas Pvt. Ltd
Govt. License 1553/079/80
Dhumbarai Mandikhatar, Budhanilkantha 9, Kathmandu, Nepal,
Contact: 9847416116, Email: hiringalfaraz@outlook.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : COMPANY AL-AGHDIA AL-HADITHA FOR FOOD SERVICES

पूर्व स्वीकृति मिति २०८१/०२/२२ | LT. No. 305896 | चलानी नं. ६०२२०६२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office And Facility Cleaner | 2 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ART PACKAGING FACTORY FOR DUPLEX CARTONS BOXS & PAPER BAGS

पूर्व स्वीकृति मिति २०८१/०२/२२ | LT. No. 305895 | चलानी नं. ६०२२०६२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging And Wrapping Worker | 2 | 0 | 1200 | ४२,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ३१ गते (13th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Aarambha H R Services Pvt.Ltd
Govt.Lic. No. 1241/074/075
Basundhara-03, Kathmandu, Nepal Tel : +977-1-5905046/5905044
E-mail : mail@aarambhahr.com, info@aarambhahr.com
Website : www.aarambhahr.com

## युएई/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KIBSONS INTERNATIONAL LLC

पूर्व स्वीकृति मिति २०८१/०२/२० | LT. No. 305663 | चलानी नं. ६०२२०४००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packer | 25 | 0 | 1300 | ४७,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GRA RASMI TRADING AND CONTRACTING

पूर्व स्वीकृति मिति २०८०/१०/०२ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२३ | LT. No. 298085 | चलानी नं. ६०२१३०९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 1 | 0 | 1200 | ४३,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Clean Worker | 1 | 4 | 1000 | ३६,६५५ | | | | | | | |
| 3 | Labour | 1 | 0 | 1000 | ३६,६५५ | | | | | | | |
| 4 | Plumber | 3 | 0 | 1200 | ४३,८९५ | | | | | | | |
| 5 | Receptionist | 1 | 1 | 1200 | ४३,८९५ | | | | | | | |
| 6 | Secretary | 0 | 3 | 2100 | ७६,९७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ३१ गते (13th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु १५,००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Sama International Overseas Pvt. Ltd.
श्रम ईजाजत नं. ८६६/०६६/०६७
LALITPUR -07 GARWKO LALITPUR , Nepal.Phone : +977-1-5204072, Fax : +977-1-5204072
Email : allsamaoffice2010@gmail.com, Website : www.alsamainternational.com



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोहखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १४२२०० | प्रति तोला – १४१५०० | प्रति तोला – १८२५ |






**फूल्यो सूर्यमुखी** | म्याग्दीको बेनी नगरपालिका–१ रत्नेचौरमा भारतबाट बीउ ल्याएर गरिएको सूर्यमुखी फूलखेती । रत्नेचौरमा ६ घरधुरीले व्यावसायिक रूपमा सूर्यमुखी खेती गरेका छन् । *तस्बिरः ध्रुवसागर शर्मा/रासस*

## कर्णालीको नीति तथा कार्यक्रम प्रस्तुत

■ प्रभाव संवाददाता

**कर्णाली–** कर्णाली प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ । कर्णाली प्रदेश प्रमुख तिलक परियारले प्रदेशसभाको बुधबार बसेको बैठकमा प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन् । प्रदेश प्रमुख परियारले ‘सुशासन र सामाजिक न्याययुक्त समृद्ध कर्णालीः आर्थिक तथा भौतिक विकाससहितको समाजवादोन्मुख प्रणाली’ भन्ने मूल ध्येयका साथ आर्थिक, सामाजिक न्याय, गरिबी निवारण, रोजगारी सिर्जना र उद्यमशीलता विकास गरी समृद्ध कर्णालीवासीको दीर्घकालीन परिकल्पना कार्यान्वयन गर्न कर्णाली प्रदेशको मार्गचित्रका रूपमा नीति तथा कार्यक्रम परिलक्षित रहेको बताए ।

नीति तथा कार्यक्रममा ‘स्वस्थ माटो, स्वस्थ जीवन,’ ‘एक पालिका एक कृषक पाठशाला,’ ‘अर्गानिक कृषिमा वृद्धि, कर्णालीको समृद्धि’ घुम्ती प्राविधिक सहयोग कार्यक्रम समेटिएका छन् । यसैगरी कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन, पूर्वाधार विकास र जलविद्युत् परियोजनालाई प्रदेश सरकारले अगाडि बढाउने नीति लिएको छ । सीप सिकेका युवालाई सामूहिकरूपमा वस्तु विकास गर्न ‘वस्तु विकास प्रशिक्षण केन्द्र’ स्थापना गर्नेसमेत जनाइएको छ ।

सुशासनयुक्त सहकारी क्षेत्रको विकास गर्न प्रदेश मातहतका सहकारी संस्थाको अनुगमन तथा नियमन कार्यलाई प्रभाकारी बनाउने, कर्णालीलाई मासु तथा दूधमा आत्मनिर्भरतातर्फ लैजाने, भू-उपयोग नीति निर्माण गरी जोखिम संवेदनशील भू-उपयोग गुरुयोजना तयार गर्ने, बेरोजगार जनशक्तिलाई व्यवसाय तथा रोजगारमा आबद्ध गर्न कर्णाली समृद्धि परियोजनामार्फत उद्यमशीलता विकास, रोजगार मेला र सीप विकास कार्यक्रम सञ्चालन गर्ने नीति सरकारले लिएको छ ।

‘पर्यटन उद्योग र खानीः समृद्धि सम्भव छ, कर्णालीमा गरौं लगानी’ भन्ने मूल मान्यताका साथ पर्यटन क्षेत्रको विकास, सम्भाव्य खानीको उत्खनन, अन्वेषण, नवप्रवर्तन र स्थानीय कच्चापदार्थमा आधारित उद्योगको स्थापनाका लागि सार्वजनिक र निजी क्षेत्रको लगानीलाई प्रोत्साहित गर्ने नीति लिइएको छ । प्रकृतिमा आधारित पर्यटन, ग्रामीण पर्यटन र होमस्टे प्रवर्द्धन गर्न नागरिकलाई पर्यटनसम्बन्धी रोजगारी, आतिथ्यता र उद्धारलगायतका कार्यक्रम सञ्चालन र यसको प्रवर्द्धनका लागि पर्यटन गुरुयोजना कार्यान्वयनमा ल्याउने नीतिमा उल्लेख छ ।

संघीय सरकारको सहकार्यमा सुर्खेत विमानस्थलको विस्तार तथा पूर्वाधार विकास, प्रविधिमैत्री सुरक्षा प्रणाली, सुरक्षित कर्णाली प्रदेश अभियान, कर्णालीका समग्र नागरिकको विपद् जोखिम दुर्घटना बीमा कार्यक्रमलाई निरन्तरता दिने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ ।

## बजेट उत्पादनमुखी छ : अर्थमन्त्री

■ प्रभाव संवाददाता



**काठमाडौं–** अर्थमन्त्री वर्षमान पुनले आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, सोह्रौं आवधिक योजनाको सोच, गणतन्त्रको डेढ दशकका उपलब्धिको समीक्षा र विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकतालाई ख्याल गरिएको बताएका छन् । उनले सांसदहरूको रचनात्मक सुझाव, नेपाल सरकारको नीति तथा कार्यक्रम एवं अन्तर्राष्ट्रिय जगत्मा व्यक्त गरेका प्रतिबद्धतालाई प्रमुख आधारका रूपमा ग्रहण गरी बजेट तर्जुमा गरिएको बताए ।

आव २०८१/८२ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि सांसदहरूले उठाएका प्रश्नको जवाफमा अर्थमन्त्री पुनले अर्थतन्त्र चलायमान हुँदै गएको, निजी क्षेत्रको मनोबल बढ्दै गएकाले वित्तीय क्षेत्रबाट लगानीयोग्य पुँजी थप परिचालन हुने, भर्खरै सम्पन्न लगानी सम्मेलनमा व्यक्त प्रतिबद्धताबमोजिम थप वैदेशिक लगानी परिचालन हुने विश्वास व्यक्त गरे ।

विगतका आवमा पुँजीगत खर्चमा भएको वृद्धि, स्रोत सुनिश्चित गरिएका आयोजना र सिर्जित दायित्व भुक्तानी तथा आगामी वर्ष सम्पन्न हुने आयोजनाका लागि आवश्यक रकम विनियोजन गरिएको उनले जानकारी दिए । ‘यीलगायत बैंकिङ प्रणालीमा लगानीयोग्य रकमको वृद्धि तथा बाह्य क्षेत्र सुदृढ रहेको अवस्थाले सहज वातावरण सिर्जना भएको हुँदा बजेटमा प्रस्ताव गरिएका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट छ प्रतिशत आर्थिक वृद्धि हासिल हुने विश्वास दिलाउन चाहन्छु’, अर्थमन्त्री पुनले भने ।

मुलुकको चालु आवको कूल ग्राहस्थ्य उत्पादनको आकार, सार्वजनिक वित्तको अवस्था र विगतका बजेटका आकारको तुलनामा बजेटको आकार महत्वाकांक्षी नरही सन्तुलित रहेको अर्थमन्त्री पुनको भनाइ छ । बजेटको कार्यदिशा अर्थतन्त्रलाई थप चलायमान बनाउन निजी क्षेत्रसमेतको मनोबल बढाउने रहेकाले बजेट वितरणमुखी नभई उत्पादनमुखी रहेको उनको दाबी छ ।

आगामी आवका लागि कूल खर्च रु १८ खर्ब ६० अर्ब ३० करोड विनियोजन गरिएको छ । यो खर्च अनुमान चालु आवको विनियोजनका तुलनामा छ दशमलव दुई प्रतिशत बढी हो । चालु आव २०८०/८१ मा चालु खर्च ६५ दशमलव २ प्रतिशत, पुँजीगत खर्च १७ दशमलव २५ प्रतिशत र वित्तीय व्यवस्थामा १७ दशमलव ५५ प्रतिशत रहेकामा आगामी आव चालु खर्च ६१ दशमलव ३१ प्रतिशत, पुँजीगततर्फ १८ दशमलव ९४ प्रतिशत र वित्तीय व्यवस्थातर्फ १९ दशमलव ७४ प्रतिशत प्रस्ताव गरिएको छ ।

चालु आव २०८०/८१ को तुलनामा चालु खर्चतर्फ न्यून बजेट विनियोजन गरिएको छ भने पुँजीगत खर्चतर्फ बजेट वृद्धि गरिएको छ । यसैगरी प्रदेश र स्थानीय तहमा राजस्व बाँडफाँट र अनुदान गरी रु छ खर्ब ६७ अर्बअर्थात् कूल विनियोजनको ३० दशमलव पाँच प्रतिशत वित्तीय हस्तान्तरण गरिने सुनिश्चितता जनाइएकाले प्रदेश र स्थानीय तहमा जाने रकममा पनि चालु आवभन्दा बढी नै विनियोजन गरिएको पनि अर्थमन्त्री पुनले जानकारी दिए ।

सरकारका सम्पत्तिलाई मौद्रिकीकरण गर्ने क्रममा विभिन्न मुलुकहरूले ‘सोभेरेन वेल्थ फन्ड’ स्थापना गरी प्रतिफलयुक्त क्षेत्रमा लगानी गर्ने गरेका छन् । नेपालले यस्ता नयाँ विधिमार्फत पुँजी परिचालन गर्न आवश्यक भएको हुँदा नेपालमा प्राप्त हुने विप्रेषणलाई यस्ता फन्डमार्फत परिचालन गर्ने लक्ष्य बजेटमा समावेश गरिएको अर्थमन्त्री पुनले बताए । ‘सार्वजनिक खर्च घटाउने उद्देश्यले सरकारी कार्यालयको सेवाप्रवाह, जनशक्ति, कार्यक्षेत्र र कार्यबोझलगायतका आधारमा संरचना तथा भौतिक पूर्वाधारको मापदण्ड तयार गरी आवश्यकता र औचित्य आधारमा एकापसमा गाभ्ने वा खारेज गर्ने र सार्वजनिक खर्च पुनरावलोकन आयोगको सुझाव क्रमशः कार्यान्वयनमा ल्याइनेछ’, अर्थमन्त्रीले भने ।

आगामी आवको लागि राष्ट्रिय गौरवका आयोजना, प्राथमिकता प्राप्त आयोजना तथा स्रोत सुनिश्चत गरिएका आयोजनामा स्रोतको कमी हुन नदिने उनको भनाई छ ।

निजी क्षेत्रसँगको सहकार्यमा सबै प्रदेशलाई विशिष्टीकृत आर्थिक केन्द्रका रूपमा विकास गर्ने गरी कार्यक्रम प्रस्ताव गरेको जानकारी दिँदै उनले एकीकृत विकासको अवधारणाअनुरूप नमूना विकास अभियान सञ्चालन गर्न भरतपुर-बुटवल-पोखरालाई तीनवटा कोणमा राखी गण्डकी आर्थिक त्रिभुज परियोजना कार्यक्रम ल्याइएको बताए । सो कार्यक्रमबाट यातायात पूर्वाधारको निर्माण, निजी क्षेत्रको साझेदारीमा औद्योगिक विकास निर्माण हुनुका साथै प्रचुर सम्भावनामा क्षेत्र ऊर्जा, कृषि तथा पर्यटनको विकास एवं रोजगारीका अवसर सिर्जना हुने विश्वास व्यक्त गरे ।

कूल ग्राहस्थ्य उत्पादनमा कूल सार्वजनिक ऋणको अनुपात ४० प्रतिशतमुनि रहेको हुँदा सार्वजनिक ऋणको उपयोग उत्पादनमूलक क्षेत्रमा गर्ने व्यवस्था मिलाइएकाले यसले मुलुकको समृद्धिमा टेवा पुर्‍याउने विश्वास व्यक्त गरे । सरकारले गर्ने लगानी, प्रत्यक्ष वैदेशिक लगानीमा हुने थप वृद्धि र निजी क्षेत्रले परिचालन गर्ने लगानीका कारण थप रोजगारीका अवसर सिर्जना भई विदेश पलायन हुने युवालाई स्वदेशमै रोजगारी गर्ने गरी वातावरण निर्माण हुने अर्थमन्त्रीको विश्वास छ ।

## कृषिमा आधुनिकता चाहन्छन् पाँचखालका किसान

**काभ्रेपलाञ्चोक–** खाद्यान्न तथा तरकारी उत्पादनमा प्रख्यात काभ्रेपलाञ्चोकको पाँचखाल नगरका किसान कृषिमा आधुनिक प्रणाली चाहन्छन् । उनीहरूले परम्परागत रूपमा गरिने खेती प्रणालीलाई विस्थापित गर्दै कृषिमा आधुनिकीकरणसँगै नयाँनयाँ बीउविजनसमेत उपलब्ध हुनुपर्ने बताउँदै आएका छन् ।

विभिन्न पक्षले पाँचखालको कृषिलाई आधुनिकीकरण गरिने जनाउँदै आइए पनि यहाँको खेतीप्रणालीमा कुनै सुधार नभएको पाँचखाल -६ का किसान केदार ढुङ्गानाको दुःखेसो छ । उनी भन्छन्, ‘पुरानै खेतीप्रणालीले उत्पादन वृद्धि गर्न सकिरहेका छैनौँ, पर्याप्त रासायनिक मल उपलब्धतासँगै कृषिमा आधुनिकीकरणको आवश्यकता भइसक्यो ।’ खेतीबालीका विषादी कम गर्दै लगिए पनि सबै किसानलाई जैविक विषादीतर्फ उन्मुख गराउनुपर्ने उनको भनाइ छ । करिब ७० प्रतिशत उत्पादनशील क्षेत्र रहेको पाँचखालमा हालसम्म पुरानै शैलीमा मौसमी आलु, गोलभेडालगायत तरकारी तथा धान, मकैलगायत खाद्यान्न उत्पादन हुँदै आएको छ ।

‘पाँचखाल नगर-कृषि सहर’का रूपमा परिचित गराउन नगरले ‘हरसम्भव प्रयासरत’ रहेको जनाउँदै आएको छ । यहाँको कृषि क्षेत्रलाई आधुनिकीकरण गर्दै नगरले तीन वर्षअघि सम्झौता गरेअनुसार इजरायली नयाँ प्रविधिमा लगिने आशामा रहेको तर सम्झौतामै सीमित रहेकोमा स्थानीय दुःख व्यक्त गरिरहेका छन् । ‘यहाँको कृषि इजरायली प्रविधिमा लैजाने भनेर तीन वर्षअघि नेपालस्थित इरजायली दूतावास र पाँचखाल नगरबीच सहमति भएको थियो, त्यतिबेला हामी पनि उत्साहित भयौँ तर सम्झौतामै सीमित रह्यो’, पाँचखाल-३ का किसान ज्ञानबहादुर थापाले भने ।

‘पछिल्ला वर्ष बाली उत्पादन लागत बढ्दै गएको छ, यसअनुसार उत्पादन बढाउन कृषिलाई आधुनिकीकरण गर्न जरुरी भइसक्यो’, उनले भने । उनले यसको अगुवाइ नगरले गर्नुपर्ने उनको धारणा छ । सहमतिमा पाँचखालका किसानलाई परम्परागत खेतीप्रणालीलाई रूपान्तरण गर्दै आधुनिक खेतीप्रणालीमा लैजाने तथा नगदी बालीलाई विशेष प्राथमिकता दिई किसानको जीवनस्तर सुधार गर्दै जाने विषयलाई अघि सारिएको थियो ।

कृषिलाई आधुनिकीकरणका नाममा नगरद्वारा किसानलाई आधा प्रतिशत अनुदानमा हाते ट्याक्टर र मौरीघार वितरण बाहेकका उदाहरणीय काम भएको पाइदैन । नगरप्रमुख महेश खरेल यहाँको कृषिलाई आधुनिकीकरण गर्न विभिन्न निकाय एवं सङ्घ संस्थासँग समन्वय र सहकार्य गर्न नगर सदैव तयार रहेको बताउनुहुन्छ । यसअघिका केही सम्झौता विविध कारण अघि बढाउन नसकिएको उनको भनाइ छ । उनका अनुसार उद्योगमा क्षेत्रमा केही योजना निर्माणाधीन अवस्थामा रहेका छन् ।

इजरायली प्रविधि भित्र्याउने सहमतिपछि नगरका जनप्रतिनिधिले चासो नदिँदा सहमतिमै सीमित भएको पाँचखाल-४ का किसान रामचन्द्र श्रेष्ठले बताउँछन् । कृषिमा इजरायली प्रविधि, ज्ञान-सीप विश्वमै उत्कृष्ट मानिन्छ । उक्त प्रविधिलाई कृषियोग्य पाँचखालको भूमिमा प्रयोग गर्नसके यहाँ उत्पादन भएका गुणस्तरीय तरकारी तथा फलफूल अन्तराष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्नसक्ने अपेक्षा गरिएको थियो । नगरले आफ्नो बजेटको ठूलो हिस्सा कृषि क्षेत्रमा लगानी गर्दै आएको छ । तर, पर्याप्त सिँचाइको अभावमा अपेक्षित उत्पादन हुन सकिरहेको छैन ।

केही वर्षदेखि लगानी भित्र्याउने तीव्र चाहना बोकेको नगरले ४० बढी उद्योग स्थापना गर्ने योजना अघि सारेको थियो । तर, आर्थिक वर्ष २०७६/७७ को अन्त्यतिर लगानी सम्मेलनको तयारीमा जुटेलगत्तै कोरोना भाइरसको सङ्क्रमण उच्च जोखिम बढ्दै गएपछि योजनामै सीमित भएको थियो । गत आर्थिक वर्षमा गर्ने बताइए पनि कुनै औपचारिक योजना भने बनाइएको छैन । ‘लगानी सम्मेलन गर्ने योजना बनाउने चाहना छ, आउँदो आवमा गर्न सकिन्छ’ नगर खरेलले भने ।

लगानी सम्मेलन गरेर नगरको थप विकासमा लाग्ने योजनाको खोजी गर्दै कृषि तथा पशुपालन क्षेत्रमा आधुनिककीकरण, सौर्य ऊर्जा, प्रविधि र पर्यटकीयस्तरका ठूला होटल, उद्योग स्थापनार्थ सम्मेलनमा प्रस्ताव गरिने योजना बनाइएको जनाइयो । पाँचखालमा ४० उद्योग स्थापना गर्नसके स्थानीयस्तरमा खाद्यान्नलगायत उत्पादनसँगै करिव चार हजार स्थानीयवासीले रोजगारी पाउने छन् । उद्योग स्थापनाका लागि नगरले स्थानीयवासीलाई नै प्राथमिकतामा राख्ने नगरको योजना थियो । ‘उद्योग स्थापनार्थ स्थानीयवासीलाई प्राथमिकता दिँदै सरल कर्जाका लागि वित्तीय संस्थासँग समन्वय गर्नेछौँ’ खरेलले भने ।

पाँचखाल नगरमा सघन सहरी विकास कार्यक्रमका लागि बजेट विनियोजन भए पनि योजनालाई अघि बढाइएको छैन । सरकारले ग्रीन स्मार्ट-सिटी निर्माणार्थ विसं २०७८ फागुनमा मन्त्रालयको सघन सहरी विकास कार्यक्रमअन्तर्गतको उक्त कार्यक्रम लागू गर्न रु पचास करोड बजेट विनियोजन गरेको थियो । ‘पाँचखाल नगर, कृषि सहर’ नारालाई सार्थक बनाउन नगरले यसअघिनै पाँचखालको खेतीयोग्य जमिनलाई ‘प्लटिङ’ गर्न पूर्ण प्रतिबन्ध लगाउँदै आएको छ । *रासस*

## ग्लोबल आइएमईलाई इन्फोसिस फिनाकल प्रोसेस इनोभेसन अवार्ड




**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेड इन्फोसिस फिनाकलको प्रोसेस इनोभेसन अवार्ड २०२४ बाट सम्मानित भएको छ । इन्फोसिस फिनाकलद्वारा आयोजित उक्त अवार्ड कार्यक्रममा ग्लोबल आइएमई बैंकलाई इन्ट्रिग्रेसन अफ सेक्युरिटी डिपोजिट लकर इसुयन्स एण्ड इकमर्स कार्ड इसुयन्स विधामा उत्कृष्ट बैंकको रूपमा सम्मान गरिएको हो । आफ्नो कोर बैंकिङ्ग सफ्टवेयरको लागि फिनाकल प्रयोग गर्दै आइरहेको ग्लोबल आइएमई बैंक नविनतम सेवाहरू सहितको सुरक्षित र भरपर्दो बैंकको रूपमा परिचित छ ।

ग्लोबल आइएमई बैंकले पाएको यस सम्मानले बैंकलाई आउँदा दिनमा थप नवीन र अत्याधुनिक प्रविधिका बैंकिङ्ग सफ्टवेयरहरू प्रयोग गर्दै सबैका लागि सुरक्षित र सहज बैंकिङ्ग सेवा प्रदान गर्न थप हौसला मिलेको बैंकले जानकारी दिएको छ । ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५४ शाखा कार्यालय, ३७९ एटिएम, २७७ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टरबाट सेवा दिँदै आएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ